ख्वप मा.वि./
शारदा क्याम्पस मा.वि.
देकोचा, भक्तपुर
कक्षा ११ मा भर्नासम्बन्धी सूचना
खवप मा.वि./शारदा क्याम्पस मा.वि.मा कक्षा ११ मा व्यवस्थापन, मानविकी र शिक्षाशास्त्र सङ्कायमा भर्ना फारम वितरण भइरहेको छ ।
विस्तृत जानकारीको लागि
खवप मा.वि./शारदा क्याम्पस मा.वि.
फोन नं.०१-६६१०९३२, ६६१४३३६, ९७४१८१११७८, ९७४१८१११७९, ९७४१८१११८०
www.facebook.com/khwopahss
www.khwopahss.edu.np

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर
## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क :१२९ ★ ने. सं. ११४६ अनला गा, प्रतिपदा ★ सोमबार ★ १८ जेठ, २०८३ ★ June 1, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# "पार्टी भिन्न भए तापनि शासक पार्टीहरूको नीतिमा तात्त्विक भिन्नता छैन"




भक्तपुर, १७ जेठ । ख्वप कलेजको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहयोगमा Empowering Voices : Social Science Perspective on Gender, Justice and Change विषयमा एकदिने राष्ट्रिय सम्मेलन आइतबार कलेजमा सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवं ख्वप कलेज सञ्चालक समितिका संस्थापक अध्यक्ष प्रेम सुवालले सम्मेलनको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा सचिव सुवालले भन्नुभयो, "राजनीति देश र जनताको नि:स्वार्थ सेवा गर्ने क्षेत्र हो । राजनीतिमा उमेरको पुस्तान्तरण वा पुरानो विचार लिने नयाँ पुस्ताको अर्थ छैन बरू, नीति परिवर्तनको महत्त्व हुन्छ ।

पैँतीस वर्षयता नेपालमा पुरूष र महिला दुवै लिङ्गबाट राष्ट्रपति र प्रधानमन्त्री भए तर आर्थिक विषय-सार्वजनिक संस्थानहरू निजीकरण गर्ने तथा नेपाली युवालाई वैदेशिक रोजगारीमा पठाउने भयो भने विदेशीसँग ऋण ल्याएर देशलाई नवउपनिवेश बनाउने विदेश मामिला भयो, उहाँले भन्नुभयो ।

देश बिक्री हुने भन्नुको अर्थ यहाँको ढुङ्गा-माटो-घर उठाएर लाने नभई विदेशीले यहीँकै राजनीतिक नेतृत्वलाई आफ्नो अनुकूल काम गराउने भएको उहाँले स्पष्ट पार्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क पाउने कानुनी व्यवस्था भए परिवर्तनमा मद्दत पुग्नेछ । क्युवाको परिवर्तनका नेता फिडेल क्यास्त्रोले महिलालाई शिक्षा दिनु परिवर्तनभित्रको परिवर्तन हुने बताउनुभएको हो । विदेशी विश्वविद्यालयका कलेजहरू सञ्चालन गर्न दिने सरकारको बजेटले नेपालका कलेजहरू खस्कँदै जानेछ ।"

संरा अमेरिका, भारत, इजरायल, इटाली, फ्रान्स, जर्मनीलगायत कतिपय देशमा दक्षिणपन्थी सरकार भएको, दक्षिणपन्थीको अर्थ प्रतिगामी वा प्रतिक्रियावादी हुने उल्लेख गर्दै उहाँले नेपालमा पनि दक्षिणपन्थी सरकार बन्नु खतरा भएकोतर्फ सतर्क गराउनुभयो ।

सरकारको बजेटमा साढे ६ खर्ब ऋण लिने र नेपालको बिजुली भारतलाई बेच्न सहज हुने गरी नेपाल विद्युत् प्राधिकरणलाई विभाजन गर्ने कुरा नेपालको हितमा नभएको सचिव सुवालले प्रस्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "नेपालमा भइरहेको निर्वाचन निष्पक्ष नभएको बेला विदेशमा बसेकालाई अनलाइन मतदान र नेपालमा विद्युतीय मेसिनमा मतदानको तयारी गरिँदै छ । नेपालीलाई देशभित्र रोजगारी दिएर विदेशबाट मतदान गराउन नपर्ने व्यवस्था गर्नु जरूरी छ । भारत र संरा अमेरिकामा भएको विद्युतीय

बाँकी पृष्ठ ८ मा

# गुठी संस्थाको निर्णय र पत्राचार किसानविरोधी



भक्तपुर, १७ जेठ । नेपाल क्रान्तिकारी किसान सङ्घ केन्द्रीय समितिको आयोजनामा फागुन १२ गते गुठी सञ्चालक समितिले गरेको निर्णयले आवास योजनामा परेको गुठी जग्गा गर्ने मोही किसानको हक बेदखल गरेको सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम भनपा प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा आइतबार सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले विगतमा नेपाल क्रान्तिकारी किसान सङ्घको आन्दोलनले नेपाली किसानहरूले जग्गाको स्वामित्वमा आधा हक पाएको चर्चा गर्दै उक्त हक कायम गराउन क्रान्तिकारी किसान सङ्घका कार्यकर्ताले धेरै दु:ख गरेको बताउनुभयो । खेतका खलियानमा गएर जमिनदारहरूसँग भिडन्त गरेको स्मरण गर्दै उहाँले किसानहरूको लामो सङ्घर्ष र बलिदानले मात्र मोहीयानी हक आधा पाएको बताउनुभयो ।

कुनै पनि आवास योजना व्यवस्थित बसोबासको लागि गरिने भएकोले आवास योजनामा नीतिअनुसार निश्चित प्रतिशत जग्गा काटिनु स्वाभाविक भएको चर्चा गर्दै उहाँले आवास योजनामा परेको गुठी जग्गामा पनि मोही र गुठीका निश्चित प्रतिशत काट्नु स्वाभाविक भएको बताउनुभयो । वर्तमान समयमा आएर गुठी संस्थानले गुठी जग्गा काट्न नहुने वा गुठी संस्थानलाई काटेको जग्गाको निश्चित रकम क्षतिपूर्ति तिर्न गरेको पत्राचार नियमविपरीत र मोही किसानविरोधी भएको उहाँले बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घले यस विषयमा व्यापक किसानहरू सङ्गठित गरी आन्दोलन गर्नुपर्ने उहाँले बताउनुभयो । यस आन्दोलनमा नगरपालिकाको पनि साथ र सहयोग रहने उहाँले बताउनुभयो ।

देको मिवा इटापाके आवास योजनामा परेको गुठी जग्गाका मोहीहरूलाई पुर्जा फिर्ता नदिएपछि पटक-पटक मन्त्रालयमा डेलिगेसन गएको चर्चा गर्दै उहाँले जबसम्म मोही किसानहरूको हक सुरक्षित हुँदैन तबसम्म आन्दोलनलाई अगाडि बढाउनुपर्ने बताउनुभयो ।

सरकारको बजेटबारे चर्चा गर्दै

बाँकी पृष्ठ २ मा

# राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनबारे निर्णयको अंश – ४

कर्फ्यु आदेशसमेत पालना नगरी केही व्यक्ति काठमाडौँको विभिन्न सडक र चोकमा आई नाराबाजी गरे । एउटा समूहले बिहान करिब ११ बजेको समयमा काठमाडौँको देउवा चोकस्थित तत्कालीन ऊर्जामन्त्रीको घरमा आक्रमण सुरु गऱ्यो । राजनैतिक दलका नेता, पूर्वप्रधानमन्त्रीहरू, राजनैतिक दलका कार्यालय, राजनैतिक दलका नेताहरूको निवास, सिंहदरबार, सर्वोच्च अदालत, प्रहरी चौकी, सरकारी कार्यालय, व्यापारिक प्रतिष्ठानका भवन र निजी सम्पत्तिहरूमा समेत नेपालभरि तोडफोड, आगजनी र लुटपाटका घटना भए ।

रवि लामिछाने थुनामा रहेको ललितपुर नख्खुस्थित कारागारमा पनि राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा तत्कालीन सांसदहरू मनिष झा र हरि ढकालसहितको भिडले कारागार घेरेपछि सुरक्षाको कारण देखाउँदै रवि लामिछाने कारागारबाट बाहिरिए । तत्पश्चात् सो कारागारका बन्दीहरू पनि कारागार तोडी बाहिर निस्किए । त्यसपछि काठमाडौँमा आगजनी झन् बढेको मिसिल प्रमाणबाट देखिन्छ ।

रवि लामिछाने कारागारबाट बाहिरिएपछि नख्खु कारागारका अन्य कैदीबन्दीहरू पनि कारागार बाहिर गएको भन्ने समाचार प्रकाशित भएपछि "रवि लामिछाने कारागारबाट बाहिरिन हुने हामी छुट्न किन नहुने" भन्ने भाष्य निर्माण भयो । देशभरका सबैजसो कारागार र बाल सुधार केन्द्र नौबस्ती बाँकेमा समेत बन्दीगृह तोड्ने काम भयो । यसक्रममा नेपाल प्रहरी र सशस्त्र प्रहरीहरूमाथि साङ्घातिक आक्रमण भयो । ३ जना प्रहरी कर्मचारीको मृत्यु र करिब २५० जना गम्भीर घाइते हुन पुगेको मिसिल प्रमाणबाट देखिएको छ । २५ गते कारागारबाट भाग्ने प्रयास गर्दा सुरक्षाफौजको गोली लागी बाल सुधार केन्द्र नौबस्ती बाँके, रामेछाप कारागार र सिन्धुली कारागारसमेतका १० जना बालबन्दी तथा कैदीबन्दीहरूको मृत्यु भएको पाइन्छ ।

गैरकानुनी रूपमा कारागारबाट भागेर घर-समाजमा पुगेका कैदीहरूले पुन: अपराध गरेको सञ्चार माध्यमहरूमा समाचार प्रकाशन भए । यसले नागरिकहरू असुरक्षित हुने अवस्था सृजना भएको छ । अनुसन्धान समितिले उल्लेखित घटनाबारे रवि लामिछाने तथा उक्त कारागारका प्रशासक (जेलर) सत्यराज जोशी र कारागार व्यवस्था विभागका महानिर्देशक लिलाप्रसाद शर्मालाई समेत बुझेको पाइयो । कार्यालयको अधिकार क्षेत्रभन्दा बाहिरबाट रवि लामिछानेको सहयोगी र समर्थकले 'लामिछानेलाई छोड्नुपर्छ' भन्ने दबाब दिएपछि 'डर, त्रास र धम्कीका बिच पत्रमा सहीछाप भएको हो' भन्ने कारागार प्रशासक (जेलर) को बयान र "जेलरले मलाई बोलाई पत्र दिई तपाईँ बाहिर गए जेलको सुरक्षा हुन्छ भनी मलाई छोडेको हो" भनी रवि लामिछानेले बयान गरेको देखिन्छ । यी दुई बयान एक आपसमा बाझिएको देखियो । कारागार प्रशासनले आफूले दबाबमा उक्त पत्रमा हस्ताक्षर गरेको हो भनी बयानमा उल्लेख गरे पनि सो विषयमा तत्कालै कहीँकतै बोलेको वा जानकारी गराएको पाइएन । ३०,६४० जना कैदीबन्दीहरूमध्ये १३,५८५ कैदीबन्दी र बालसुधार गृहबाट ९७४ जना बालबिझ्याइकर्ताहरू कारागारबाट भागेका छन् । आम नेपाली नागरिकहरूको मानव अधिकार उल्लङ्घन हुने कार्यमा रवि लामिछाने र नख्खु कारागार प्रशासक सत्यराज जोशीको पनि संलग्नता रहेको देखिन्छ ।

माथि उल्लेखित घटनाको समग्र परिस्थिति र मिसिल संलग्न प्रमाणको विश्लेषण गर्दा भदौ २४ गतेको घटना २३ गतेको घटनाबाट प्रभावित आक्रोशित व्यक्तिहरूले सुरु गरेको देखिए पनि २४ गतेको घटनाको प्रकृति अवस्था एकै समयमा एकै उद्देश्य लिई देशैभरि भएको देखिन्छ । यी घटना पूर्वयोजनाअनुसार

बाँकी पृष्ठ २ मा

व्यङ्ग्यचित्र कुनो



# एसईई उत्तीर्ण विद्यार्थीलाई बधाई र माइन्यूट लेखन तालिमका सहभागीलाई सम्मान




मध्यपुर, १७ जेठ। नगदेश सामुदायिक सिकाइ केन्द्रको आयोजनामा २०८२ सालमा माध्यमिक शिक्षा परीक्षा एसईई दिई २०८३ सालमा उत्तीर्ण मध्यपुर नपा वडा नं. ७ नगदेश क्षेत्रका बसोबास गर्ने सबै विद्यार्थी र बैठक निर्णय माइन्यूट लेखन तालिममा सहभागी मध्यपुर नगरका महिला समूहका सहभागीहरूलाई बधाई पत्र तथा सम्मान कार्यक्रम शनिबार सम्पन्न भयो।

कार्यक्रममा संविधानसभाका सदस्य अनुराधा थापामगरले उत्तीर्ण विद्यार्थीहरूलाई बधाई ज्ञापन गर्दै आफूले ग्रहण गरेको शिक्षा आफ्नो समाज र राष्ट्रको हित हुने काममा लगाउनुपर्ने बताउनुभयो। विद्यार्थी तथा प्रवुद्धवर्गले देशप्रति जिम्मेवार भएर नसोच्ने हो भने देशको भविष्य अनिश्चय हुने पनि उहाँले औँल्याउनुभयो।

मध्यपुर नपाका उपप्रमुख विजयकृष्ण श्रेष्ठले आफू ख्वप कलेजको विद्यार्थी भएको स्मरण गर्दै भक्तपुर नपामा जस्तै मध्यपुरमा शिक्षा, स्वास्थ्यको क्षेत्रमा विकास गर्न भरमग्दुर लागिपरेको बताउनुभयो।

सिकाइ केन्द्रका अध्यक्ष विक्रम वैद्यको सभापतित्वमा भएको कार्यक्रममा गणेश माध्यमिक विद्यालयका निवृत्त प्रधानाध्यापक रञ्जनादेवी प्रधानाङ्ग, सोही विद्यालयका प्रधानाध्यापक विजयचरण श्रेष्ठ, निवृत्त शिक्षा अधिकृत नेत्रप्रसाद दाहाल, जन्मभूमि बोदे पुस्तकालयका संरक्षक सजीव श्रेष्ठ, वाग्मती प्रदेश बचत तथा ऋण सहकारी संस्था लि.का सदस्य कृष्णगोविन्द लाखाजु र शिक्षिका रश्मी तकोले पनि उत्तीर्ण विद्यार्थीहरूलाई बधाई दिँदै पढाइको सफलताको कामना गर्नुभयो।

कार्यक्रममा अतिथि थापामगरले उत्कृष्ट अङ्कका साथ उत्तीर्ण विद्यालयहरूमध्ये सामुदायिक विद्यालयबाट उत्तीर्ण दिया गिरी, संस्थागत विद्यालयबाट उत्तीर्ण लुमु कालु र जसिस हाँय्जुलाई विशेष कदर पत्रबाट सम्मान गर्नुभएको थियो।

कार्यक्रममा गणेश माध्यमिक विद्यालय, हिमचुली एकेडेमी, लर्डबुद्ध इङलिस स्कूल, ग्लाडस्टोन एकेडेमी, सुप्रिम एकेडेमी, विनायक शिक्षा निकेतन, क्रिएटिभ लनर्स एकेडेमी र रोजबड स्कूलबाट उत्तीर्ण ५५ जना विद्यार्थी सम्मानित भएका थिए।

# विजयसागरको कथासङ्ग्रह 'महाभूकम्प' विमोचन

भैरहवा, १७ जेठ। भैरहवाका साहित्यकार विजयसागरद्वारा लिखित 'महाभूकम्प' कथासङ्ग्रह विमोचन भयो। शुक्रबार विवरुका परिवारजन विजयसागरका जीवन सहयात्री उषा श्रेष्ठ, निराकारका जीवन सहयात्री दुर्गा शर्मा, ज्ञवालीका जीवन सहयात्री इन्दिरा ज्ञवाली र विजयसागरका पुत्रवधु जुप्ला श्रेष्ठ तथा नातिनी शैला श्रेष्ठले 'महाभूकम्प' कथासङ्ग्रहको संयुक्त रूपमा विमोचन गरेका हुन्।

२०६६ सालदेखि भैरहवाका सुपरिचित साहित्यकारहरू विजयसागर, वनमाली निराकार र रुद्र ज्ञवालीको साहित्यिक समूह 'विवरु' का रूपमा स्थापित छ। भैरहवाको सहिद स्मृति पुस्तकालयमा विवरुद्वारा आयोजित विमोचन कार्यक्रममा रूपन्देही र नवलपरासीका साहित्यकार तथा साहित्यानुरागीहरूको उल्लेख्य सहभागिता रहेको थियो।

कार्यक्रममा उपस्थितिलाई स्वागत गर्दै साहित्यकार वनमाली निराकारले 'विवरु' साहित्यिक समूह गठनबारे जानकारी दिनुभयो। साथै साहित्यकार वनमालीले विवरुलाई साहित्यिक क्षेत्रमा सक्रिय हुन पार्श्वमा बसेर योगदान दिने महिलाहरूलाई चिनाउन उनीहरूबाटै 'महाभूकम्प' कृति लोकार्पण गराएको स्पष्ट पार्नुभयो।

कार्यक्रममा प्रसिद्ध गजलकार प्राज्ञ बुँद रानाले कथाकार विजयसागर राम्रा मानिसका लागि सौम्य तर दुर्जनका लागि सङ्गिनजस्तै धारिलो हुनुहुन्छ भन्नुभयो। सहिद स्मृति पुस्तकालयका सल्लाहकार डिआर शर्माले साहित्यकार भनेका देश र जनतामा समर्पित तपस्वीहरू हुन् भन्नुभयो।

पुस्तकालयका संरक्षक दीर्घराज काफ्लेको भनाइलाई समर्थन गर्दै गोविन्दवल्लभ भट्टले विजयसागर मालपोतमा काम गर्ने तर घुस नखाने नमुना मानिस हुन् भन्नुभयो।

साहित्यकार डिल्लीराज भट्टराईले 'महाभूकम्प' को समीक्षा गर्दै कथासङ्ग्रहमा सामाजिक यथार्थवादी कथाहरू सङ्कलित भएको बताउनुभयो।

विमोचन कार्यक्रममा नवपरासी साहित्य परिषद्का अध्यक्ष श्यामप्रसाद न्यौपाने, सिर्जनशील साहित्यिक समाज, रूपन्देहीका अध्यक्ष सरु ज्ञवाली, समाजसेवी मिना श्रेष्ठ, मदन पौड्याल, सुन्दर वासी, तेजनिधी पौडेल, चन्द्रप्रकाश श्रेष्ठलगायतले शुभकामना व्यक्त गर्नुभयो।

रुद्र ज्ञवालीले सञ्चालन गरेको उक्त विमोचन कार्यक्रममा कथाकार विजयसागरले 'महाभूकम्प' मा सङ्कलित कथाहरू मधुपर्कलगायत साहित्यिक पत्रिकाहरूमा प्रकाशित रचनाहरू हुन् भन्नुभयो।

# सामूहिक साकोसको वार्षिक योजना तथा बजेट निर्माण कार्यशाला गोष्ठी

भक्तपुर, १७ जेठ। सामूहिक बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा आ.व. २०८३/८४ को वार्षिक योजना तथा बजेट निर्माण कार्यशाला गोष्ठी आइतबार सम्पन्न भयो।

कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष श्यामप्रसाद मुनंकर्मीले नीति नियमहरू अद्यावधिक हुँदै जानुपर्ने र आर्थिक पक्ष नै मुख्य भएकोले आर्थिक पक्ष बलियो हुनु जरूरी छ भन्नुभयो।

संस्थाका अध्यक्ष राजाभाइ भेलेले भाखा नाघेको ऋण असुलीलाई विशेष जोड दिँदै ९० करोडको विस्तृत विवरणका लागि योजना निर्माण गरेको बताउनुभयो।

संस्थाका व्यवस्थापक रवीन्द्र घिमिरेले आर्थिक विवरण र आ.व. २०८३/८४ को योजना तथा बजेट प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा जिल्ला सहकारी सङ्घ ललितपुरका सचिव अनिलवीर बज्राचार्यले पनि बोल्नुभएको थियो।

कार्यक्रममा 'जीवन विज्ञान' का केन्द्रीय सदस्य उमेशचन्द्र धौभडेलले तनाव व्यवस्थापबारे तालिम दिनुभएको थियो।

कार्यक्रममा संस्थाका कोषाध्यक्ष जगदीशप्रसाद श्रेष्ठ र सञ्जय जोन्छेले पनि बोल्नुभएको थियो।

**सामूहिक साकोसद्वारा महिला स्वास्थ्य शिविर**

त्यस्तै सामूहिक बचत तथा ऋण सहकारी संस्था लि.को महिला उपसमितिको आयोजनामा बलाक्व सूर्यविनायकमा महिला स्वास्थ्य शिविर कार्यक्रम शनिबार सम्पन्न भयो।

सिद्धि स्मृति अस्पतालको प्राविधिक सहयोगमा पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी परीक्षण, परामर्श र फिजियोथेरापी सेवा दिइएको उक्त शिविरमा ६१ जना महिला सदस्यले सेवा लिएको संस्थाका सञ्चालक एवम् महिला उपसमिति संयोजक मौसमी श्रेष्ठले बताउनुभयो।

अध्यक्ष राजाभाइ भेलेले महिलाहरूमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने, समयमै स्वास्थ्य परीक्षण गराउन प्रेरित गर्न यस्ता कार्यक्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो।

सिद्धि स्मृति अस्पतालका प्राविधिक टोलीलाई धन्यवाद ज्ञापनसहित मायाको चिनो वितरण गरिएको थियो।

# 'सङ्गीत अन्तरङ्ग' र 'सम्झौतामा उभिएको मान्छे' लोकार्पण



भक्तपुर, १७ जेठ। विनाता सांस्कृतिक कला प्रवर्द्धन केन्द्रद्वारा भक्तपुरको भीमसेनस्थानस्थित सिद्धि स्मृति प्रतिष्ठानमा आयोजित एक विशेष समारोहबिच वरिष्ठ हास्य कलाकार मदनकृष्ण श्रेष्ठको प्रमुख आतिथ्यमा कृष्णप्रसाद दुमरुद्वारा लिखित 'सङ्गीत अन्तरङ्ग' र 'सम्झौतामा उभिएको मान्छे' नामक दुई कृतिको संयुक्त रूपमा लोकार्पण गरिएको छ।

कार्यक्रममा वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठले लोकार्पित कृतिहरूको सफलताको कामना गर्दै कला र साहित्यले समाजको यथार्थलाई ऐना देखाउने काम गर्ने बताउनुभयो। उहाँले लेखक दुमरुको लेखन यात्राको प्रशंसा गर्दै आगामी दिनमा पनि यस्तै सिर्जनात्मक कार्यहरू निरन्तर अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो।

जनकवि चन्द्रबहादुर उलकले नेपालभाषा साहित्यिक गतिविधिमा सहभागी हुने क्रममा २०३५/०३६ सालदेखि लेखकसँग परिचय भएको स्मरण गर्दै त्यसबेला कवितामा वर्गीय चेतना, श्रमजीवी तथा पीडितवर्गको पक्षधरता र नयाँ बिम्बहरूको प्रयोगमार्फत सशक्त अभिव्यक्ति दिनुपर्ने विषयमा छलफल हुने गरेको बताउनुभयो।

प्राज्ञ ललिजन रावलले कविता सरस, बिम्बात्मक र जीवन्त हुनुपर्ने धारणा व्यक्त गर्दै दुमरूले साहित्य र सङ्गीतलाई एउटै सङ्गममा जोड्ने प्रयास गरेकोमा खुसी व्यक्त गर्नुभयो।

कवि उदय निरौलाले आफूले २०५१/०५२ सालदेखि दुमरूका कविताहरू नियाल्दै आएको बताउँदै २०७९ सालअघि नै कवितासङ्ग्रह प्रकाशन गर्न सुझाव दिएको स्मरण गर्नुभयो।

सितारवादक सीतामाया राजचलले 'सङ्गीत अन्तरङ्ग' मा वरिष्ठ गायिका सानुमाया ताम्राकार धौभडेल र आफ्नो जीवनी समावेश गरिएकोमा खुसी व्यक्त गर्दै यसलाई महिलाप्रतिको सम्मानको रूपमा व्याख्या गर्नुभयो।

स्रष्टा कृष्णप्रसाद दुमरुले 'सम्झौतामा उभिएको मान्छे' विक्रम संवत् २०६७ सालदेखि २०७९ वैशाखसम्मको कवितामध्येबाट छानिएको ५३ वटा कविताको सङ्ग्रह हो भन्दै सङ्गीत क्षेत्रको समृद्धिका लागि २०४९/५० सालदेखि समर्पित विनाता प्रत्यक्ष आबद्धताको उपज 'सङ्गीत अन्तरङ्ग' एक नयाँ कृति बनेको छ भन्नुभयो। विनाता सांस्कृतिक कला प्रवर्द्धन केन्द्रका सनिता त्वानाबासुले पनि मन्तव्य व्यक्त गर्नुभयो।

कार्यक्रममा कृष्णप्रसाद दुमरूको शब्द, बद्रीनारायण ताम्राकारको सङ्गीत तथा केन्द्रका सदस्य एवं गायक सुरज कपाली र सरिला सिन्ताकलको स्वरमा स्वागत गान प्रस्तुत गरिएको थियो। विनाता सांस्कृतिक विभागद्वारा प्रस्तुत उक्त कार्यक्रममा लोकार्पित कृतिहरूको प्रकाशनमा आर्थिक सहयोग पुऱ्याउने व्यक्तिहरूलाई प्रमुख अतिथिबाट धन्यवाद-पत्र प्रदान गरिएको थियो।

विनाता सांस्कृतिक कला प्रवर्द्धन केन्द्रका अध्यक्ष बद्रीनारायण ताम्राकारको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका पदाधिकारीहरू, संस्थापकहरू, बुद्धिजीवी, साहित्यकार, कलाप्रेमीहरूको उपस्थिति थियो। कार्यक्रममा संस्थाको 'गायन, नृत्य र वाद्यवादन राष्ट्रको पहिचान' भन्ने मूल नारालाई आत्मसात गर्दै कला, साहित्य र सङ्गीत क्षेत्रको प्रवर्द्धनमा सबै लाग्नुपर्नेमा जोड दिइएको थियो। कार्यक्रम सरिला सिन्ताकलले सञ्चालन गर्नुभएको थियो।

***राष्ट्रिय...***

सङ्गठित रूपमा गरिएको आपराधिक कार्य हुन्। अतः भदौ २४ गतेको घटनाको कारण ३ जना नेपाल प्रहरीका कर्मचारीहरूको प्रदर्शनकारीहरूद्वारा कुटपिट गरी हत्या भयो। राजनीतिक दलका नेता तथा कार्यकर्ता सुरक्षा निकायका कर्मचारीहरूसमेत माथि साङ्घातिक आक्रमण भए। सो दिनमा प्रदर्शनकारीद्वारा गरिएको आगजनीमा परी २१ जनाको मृत्यु भयो। सोमध्ये ९ जनाको पहिचान भयो भने १२ जनाको अझै पहिचान हुन सकेको छैन। सोही घटनामा प्राध्यापक रवि लक्ष्मी चित्रकारलगायत कैयौँ व्यक्ति जलेर गम्भीर घाइते भए। देशैभरि अर्बौंको धन-सम्पत्ति तोडफोड तथा आगजनी भई नोक्सान भएको देखिँदा उक्त दिनका प्रायः सबै घटनालाई आपराधिक गतिविधिको रूपमा हेरी सम्बोधन गर्नुपर्ने देखियो।

***गुठी.....***

उहाँले दुईतिहाइको मत पाएको वर्तमान सरकारले आफ्नो प्रतिबद्धताविपरीत शिक्षामा बजेट कटौती गरेको बताउनुभयो। देशभरि शिक्षा र स्वास्थ्य निःशुल्क हुनुपर्ने बताउँदै उहाँले शिक्षा निःशुल्क गर्नको लागि २० प्रतिशत बजेट अलग गर्नुपर्ने बताउनुभयो। प्राइभेट स्कूललाई ३ प्रतिशत शुल्क लगाउनु, बिजुलीको बिलमा १३ प्रतिशत भ्याट लगाउनु पनि सरकारले आफ्नो प्रतिबद्धता बिर्सेको चर्चा गर्दै उदारीकरणको नीति लिएर निश्चित व्यक्तिलाई मात्र धनी बनाउन खोजेको उहाँले चर्चा गर्नुभयो।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभाका सदस्य गीता काफ्लेले वाग्मती प्रदेश सरकार किसानहरूप्रति उदार नभएको चर्चा गर्दै गुठी जग्गाका मोही किसानहरूको हक सुरक्षित गर्नुपर्ने विषयमा प्रदेश सभामा चर्चा गर्दा कुनै सुनुवाइ नभएको बताउनुभयो। वाग्मती प्रदेश सरकारले नेपाली किसानहरूको लागि मल कारखाना खोल्न ध्यान नदिएको उहाँले बताउनुभयो।

भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले देको मिवा इटापाके आवास योजना भक्तपुर नगरका नगरवासीहरूको बसोबासलाई व्यवस्थित बनाउन नगरपालिकाले सञ्चालन गरेको बताउनुभयो।

भनपा वडा नं. ६ का वडाध्यक्ष तथा नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सचिव हरिराम सुवालले गुठी जग्गाका मोही किसानको हक सुरक्षित गर्न किसानहरू सङ्गठित गरी आन्दोलन चर्काउनुपर्ने बताउनुभयो।

भेलामा हरिशरण श्रेष्ठ र मोही किसानहरू राजकुमार लघु, विष्णुकुमार बासुकला, कुमार बासुकला, तुल्सीनारायण लाखेमरु, गुणदास महर्जन, लक्ष्मीभक्त सिजख्वले पनि बोल्नुभएको थियो।

## सङ्क्षिप्त समाचार

# राष्ट्रियसभाबाट दुई विधेयक पारित

काठमाडौँ, १७ जेठ । राष्ट्रियसभाबाट निर्वाचनसम्बन्धी दुई विधेयक पारित भएका छन् । सभाको आइतबारको बैठकबाट प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, २०८३ र मतदाता नामावली (पहिलो संशोधन) विधेयक, २०८३ बहुमतले पारित गरिएको हो । यसअघि बैठकमा प्रधानमन्त्री एवं गृहमन्त्री बालेन्द्र साहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले ती विधेयक पारित गरियोस् भन्ने बेग्लाबेग्लै प्रस्ताव पेस गर्नुभएको थियो ।

राष्ट्रियसभाको अर्को बैठक सोमबार दिउँसो १:१५ बजे बस्नेछ ।

# दस महिनामा एकतीस अर्ब एकतीस करोडका सवारीसाधन आयात

वीरगञ्ज (पर्सा), १७ जेठ । चालु आर्थिक वर्षको प्रथम १० महिनामा रु. ३१ अर्ब ३१ करोड मूल्यबराबरका सवारीसाधन तथा तिनका पार्टपुर्जा आयात भएका छन् । गत आवको सोही अवधिको तुलनामा चालु आवको यो अवधिमा रु. नौ अर्ब ६५ करोडले आयात बढेको हो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार सवारीसाधन र पार्टपुर्जाको आयात बढेसँगै चालु आवको १० महिनामा रु. २० अर्ब ५२ अर्ब राजस्व सङ्कलन भएको छ । गत आवको सोही अवधिमा रु. १६ अर्ब ६४ करोड राजस्व सङ्कलन भएको थियो ।

चालु आवको १० महिनामा रु. एक अर्ब २५ करोड बराबरका सवारीसाधनको आयातबाट रु. तीन अर्ब १७ करोड राजस्व सङ्कलन भएको छ । यसैगरी, रु. सात अर्ब ३२ करोड बराबरका मूल्य पर्ने ५१ हजार ४२३ वटा 'अन एसेम्बल्ड' मोटरसाइकल आयातबाट रु. सात अर्ब नौ अर्ब राजस्व असुली भएको छ ।

# सशस्त्र प्रहरीका जवानसहित दुई जना बेपत्ता

अमरगढी (डडेल्धुरा), १७ जेठ । डडेल्धुराको परशुराम नगरपालिका-५ बाट सशस्त्र प्रहरीका एक जवानसहित दुई जना बेपत्ता भएका छन् ।

जिल्ला प्रहरी कार्यालय डडेल्धुराका अनुसार बेपत्ता हुनेमा परिगाउँस्थित सशस्त्र प्रहरी बलको बोर्डर आउट पोस्ट (बिओपी)मा कार्यरत प्रहरी जवान ओमप्रकाश पुन मगर र स्थानीय ५६ वर्षीय तीर्थबहादुर थापा मगर रहेका छन् ।

प्रहरी नायब उपरीक्षक (डीएसपी) वरुणबहादुर सिंहका अनुसार शुक्रबारदेखि सम्पर्कविहीन भएका दुवै जना मामाभान्जा नाता पर्ने बताइएको छ ।

महाकाली नदी किनारमा उहाँहरूले प्रयोग गरेको ट्युब फेला परेकाले नदीमा बगेको हुन सक्ने आशंकासहित खोजी सुरु भएको उहाँले जानकारी दिनुभयो ।

# सेवा सुविधा बढाउन विद्यालय कर्मचारीको माग

काठमाडौँ, १७ जेठ । नेपाल विद्यालय कर्मचारी परिषद्ले आगामी आर्थिक वर्षका लागि नेपाल सरकारले संसदमा पेस गरेको बजेटमा आफूहरूको सेवासुविधा बढाउनेबारे पुन: विचार गर्न माग गरेको छ ।

परिषद्ले आइतबार विज्ञप्ति जारी गरी बजेटमा सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारीको तलबमान, स्थायित्व तथा सामाजिक सुरक्षाको विषयमा प्रष्टता आवश्यक रहेको जनाएको छ । परिषद्का अध्यक्ष गङ्गाराम तिवारी र महासचिव शान्तिराम योगीद्वारा जारी विज्ञप्तिमा विद्यालय कर्मचारीका जायज माग सम्बोधन गराउन पटक-पटक शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय, विभिन्न राजनीतिक दलका नेतृत्व, सम्बन्धित मन्त्री तथा सरकारका उच्च पदाधिकारीसँग भेटघाट, छलफल तथा ध्यानाकर्षण गराउँदै आए पनि माग सम्बोधन नभएको जनाइएको छ ।

बजेटमाथिको छलफल तथा पारित हुने प्रक्रियामा विद्यालय कर्मचारीको तलबमान, स्थायित्व, सामाजिक सुरक्षा तथा सेवासुविधासम्बन्धी मागहरू स्पष्ट रूपमा सम्बोधन गर्न परिषद्ले आग्रह गरेको छ ।

हाल देशभरका २७ हजार १० विद्यालयमा गरी ३० हजार ३४६ विद्यालय कर्मचारी छन् । तीमध्ये सात हजार ६२३ विद्यालय सहायक र २२ हजार ७२३ विद्यालय सहयोगी कार्यरत रहेका परिषद्ले जनाएको छ ।

# ट्राफिक कारबाहीमा पाँच लाख एकचालीस हजार राजस्व सङ्कलन

काठमाडौँ, १७ जेठ । बितेका २४ घण्टामा एक हजार ९९४ सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु. पाँच लाख ४१ हजार ५०२ राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादकपदार्थ सेवन गरेका १२९, नियमविपरीत 'राइड सेयरिङ' गरेका १४२, सङ्केत बत्ती उल्लङ्घनकर्ता १४९ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका १०३ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने १५८, निषेधित क्षेत्रमा हर्न बजाउने १३०, सडक पेटीमा सवारीसाधन 'पार्किङ' गर्ने १२८, एकतर्फी सडकमा सवारी चलाउने ९५ र अन्य सवारी नियम पालना नगरेका ९६२ जनालाई कारबाही गरिएको हो ।



**किमाथाङ्का सडक खण्ड**

सङ्खुवासभाको चिचिला गाउँपालिका-४ कुवापानीमा ड्रोनबाट देखिएको उत्तर दक्षिण कोशी राजमार्गअन्तर्गत खाँदबारी–किमाथाङ्का सडक खण्ड र चिचिला आसपासको रमणीय दृश्य । खाँदबारी-किमाथाङ्का खण्डको ३९ किलोमिटर सडक अहिले धमाधम कालोपत्रे हुँदै छ । कुवापानी समुन्द्री सहतबाट करिब एक हजार ६ सय ४० मिटर उचाइमा पर्दछ । *तस्विर : भविन कार्की/रासस*

# उद्योगमैत्री बजेट ल्याउने बाग्मती प्रदेश मुख्यमन्त्रीको भनाइ

चितवन, १७ जेठ । बाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट उद्योगमैत्री बनाउने तयारी गरिरहेको बताउनुभएको छ ।

चितवनस्थित प्रिफ्याव प्यानल नेपाल प्रालिको अनुगमन तथा निरीक्षणपछि पत्रकारहरूसँग कुराकानी गर्दै मुख्यमन्त्री बानियाँले उद्योग तथा व्यवसाय प्रवर्द्धनलाई प्राथमिकतामा राखेर बजेट ल्याइने जानकारी दिनुभयो । उहाँले व्यवसायीलाई प्रोत्साहन गर्ने नीतिअन्तर्गत उद्योगमैत्री कार्यक्रमहरू समावेश गरिने बताउनुभयो ।

मुख्यमन्त्री बानियाँका अनुसार वातावरण तथा पर्यापर्यटनसँग सम्बन्धित २५ करोड रुपैयाँभन्दा कम लगानीका उद्योगहरूलाई बैङ्किङ ब्याजमा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने कार्यक्रम कार्यान्वयनको चरणमा रहेको छ । यस्ता उद्योगहरूलाई सहुलियतपूर्ण कर्जाको पहुँचमा पुऱ्याउने नीति प्रदेश सरकारले अघि बढाएको उहाँले बताउनुभयो ।

सन् २०२४ मा स्थापना भएको कम्पनीको अधिकृत पुँजी १० करोड रूपैयाँ रहेको छ । कम्पनीका अध्यक्ष नारायण रेग्मीका अनुसार छोटो समयमै कम्पनीले आधुनिक निर्माण प्रविधिलाई देशव्यापी रूपमा विस्तार गर्दै नेपाली निर्माण क्षेत्रमा उल्लेखनीय उपस्थिति स्थापित गर्न सफल भएको छ ।

कम्पनीले उत्पादन गरिरहेको EPS Cement/Calcium Based Smart Panel निर्माण कार्यलाई छिटो, सुरक्षित तथा लागत प्रभावकारी बनाउने उद्देश्यले विकास गरिएको हो । ताप तथा ध्वनि नियन्त्रणमा प्रभावकारी मानिने यी प्यानलहरू घर, कार्यालय, उद्योग तथा अन्य संरचनाका लागि उपयुक्त रहेको कम्पनीको दाबी छ ।

स्मार्ट प्यानलसँगै कम्पनीले EPS Based Lightweight Blocks tyf EPS Based Net Panel समेत बजारमा ल्याएको जनाएको छ । यी सामग्रीहरूले आधुनिक निर्माण प्रणालीलाई अझ प्रभावकारी, हलुका, दिगो तथा वातावरणमैत्री बनाउने विश्वास कम्पनीको छ ।

कम्पनीका अनुसार हालसम्म नेपालका ५० भन्दा बढी जिल्लामा उत्पादनहरूको बिक्री तथा वितरण भइसकेको छ । देशव्यापी डिलर तथा वितरण सञ्जाल विस्तारलाई प्राथमिकताका साथ अघि बढाइएको कम्पनीले जनाएको छ ।

अनुभवी उद्योगी नारायण रेग्मी, निर्माण व्यवस्थापन विज्ञ बिमलराज गोसाई तथा उद्यमी मोतिना चन्दको नेतृत्वमा सञ्चालित कम्पनीले आगामी दिनमा कुल लगानी ५० करोड रूपैयाँसम्म विस्तार गर्ने लक्ष्य लिएको छ । उत्पादन क्षमता वृद्धि, आधुनिक प्रविधिको विस्तार, वितरण प्रणाली सुदृढीकरण गर्ने योजना कम्पनीले सार्वजनिक गरेको छ ।

कम्पनीले गुणस्तरीय तथा आधुनिक निर्माण सामग्रीमार्फत राष्ट्रिय विकास र औद्योगिक आत्मनिर्भरतामा योगदान पुऱ्याउने प्रतिबद्धता जनाएको छ ।

# ढाका उद्योगमार्फत आत्मनिर्भर बन्दै तमानखोलाका महिला

गलकोट (बागलुङ), १७ जेठ । जिल्लाको तमान गाउँका जमुना घर्तीलाई ढाकाका कपडा बुन्न भ्याइनभ्याइ छ । तमानखोला गाउँपालिका-३ मा रहेको महिला कल्याण आमा समूहको भवनमा बिहानैदेखि ढाकाको अस्कोट बुन्दै गर्नुभएकी घर्तीले आफूजस्तै १५ जना महिलाले हरेक दिन ढाकाका विभिन्न कपडा बुन्दै आएका बताउनुभयो ।

ढाका उद्योगमार्फत महिलालाई आत्मनिर्भर बनाउने पहलअन्तर्गत तमानखोलाले महिलालाई ढाका उद्यमी बनाउनेदेखि उत्पादन खरिद गर्नेसम्मका काममा सघाउँदै आएको छ । ढाकाका सल, टोपी, गलबन्दी र अस्कोट बुन्ने र बिक्रीमार्फत यहाँका महिला आत्मनिर्भर बन्दै आएका छन् ।

महिलाले उत्पादन गरेका कपडा तमानखोला गाउँपालिकाको कार्यालयले खरिद गरी बिक्रीमा सहजीकरण गरिरहेको घर्तीले बताउनुभयो । करिब सात वर्ष पहिले म्याग्दीबाट आएका प्रशिक्षकमार्फत गाउँमा ढाकाका कपडा उत्पादन गर्ने सीप सिकेका महिलालाई समूहमा आबद्ध गराएर थप व्यावसायिक बनाउन गाउँपालिकाले लगानी गरेको हो ।

महिलालाई व्यावसायिक, स्वरोजगार र उद्यमी बनाउन पालिकाले सात वर्ष पहिलेदेखि सीप सिकाउने, तान प्रदान गर्ने, समूहको भवन निर्माण गरिदिने, उत्पादित खरिद गरी बिक्रीमा सहजीकरण गर्नेलगायत काम गर्दै आएको छ ।

"पालिकाले विभिन्न कार्यक्रम आयोजना गरिरहेको हुन्छ । ती कार्यक्रममा मायाको चिनो स्वरूप महिलाले उत्पादन गर्दै आएका सल, गलबन्दी प्रयोग गर्दै आएका छौँ । ज्येष्ठ नागरिक सम्मानजस्ता कार्यक्रममा टोपी, गलबन्दी र अस्कोट प्रयोग गर्दै महिलाका उत्पादनको बजारीकरण गरिरहेका छौँ", गाउँपालिकाका उपाध्यक्ष हिराकुमारी छन्त्यालले भन्नुभयो ।

गाउँपालिकाले सात वर्ष पहिले महिलाका लागि सीपमूलक तालिम दिनुका साथै आवश्यक सामाग्री उपलब्ध गराउनुका साथै भवन बनाउन पनि सहयोग गरेको छन्त्यालले जानकारी दिनुभयो । उहाँका अनुसार अहिलेसम्म सामग्री, भवन, प्रशिक्षणलगायत गतिविधिका लागि पालिकाले रु. २५ लाख लगानी गरिसकेको छ । यहाँका महिलाले ढाकाका कपडा बुनेर मासिक रु. ५० हजारसम्म आम्दानी गर्दै आएका उपाध्यक्ष छन्त्यालले जानकारी दिनुभयो ।

सुरुवातका दिनमा आफूले उत्पादन गरेका सामग्री बिक्री नभएर सास्ती भएपनि पछिल्लो समय पालिकाले खरिद गरिदिन थालेपछि महिला उत्साहित भएका घर्तीले बताउनुभयो । महिला कल्याण आमा समूहको कोषाध्यक्षसमेत रहनुभएकी उहाँले पालिकाको साथ र सहयोगले तमानगाउँका महिलालाई उद्यमी बनाउनुका साथै आत्मनिर्भर बनाउँदै लगेको धारणा राख्नुभयो ।

# सुक्खा पहिरोले शुक्रबारदेखि खाँदबारी–किमाथाङ्का सडकखण्ड अवरुद्ध

खाँदबारी (सङ्खुवासभा), १७ जेठ । सङ्खुवासभाको भोटखोला गाउँपालिका-४ सिरेकस्थित कोशी राजमार्गमा सुक्खा पहिरो खस्दा खाँदबारी-किमाथाङ्का सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएको छ ।

शुक्रबार दिउँसो सडकमाथिको भिरालो भागबाट ठूलो परिमाणमा ढुङ्गा, माटो तथा गेग्रान खसेपछि उक्त सडकखण्डमा यातायात सेवा ठप्प भएको हो । पहिरोले करिब १५ मिटर सडक पुरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । पहिरो खसेसँगै उक्त मार्ग हुँदै आवतजावत गरिरहेका यात्रु तथा सवारीसाधन प्रभावित बनेका छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक कुमारप्रसाद मैनालीले पहिरोको सूचना प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थलमा परिचालन गरिए पनि पहिरो खस्ने क्रम पूर्ण रूपमा नरोकिएकाले सडक खुलाउन नसकिएको बताउनुभयो । स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वय गरी सडक खुलाउने प्रयास भइरहेको उहाँले जानकारी दिनुभयो ।

खाँदबारी-किमाथाङ्का सडकखण्ड जिल्लाको उत्तरी क्षेत्रलाई सदरमुकामसँग जोड्ने मुख्य सडक सञ्जाल हो । सडक अवरुद्ध हुँदा भोटखोला क्षेत्रका स्थानीयवासी, यात्रु तथा अत्यावश्यक सामग्री बोकेका मालवाहक सवारीसाधनसमेत प्रभावित भएका छन् ।

उत्तर-दक्षिण कोशी सडक योजनाका प्रमुख रामबहादुर गुरुङले पछिल्लो समय सडक आसपासका भिरालो क्षेत्रमा सुक्खा पहिरो खस्ने घटना बढ्दै गएका बताउनुभयो । कमजोर चट्टान र ढुङ्गा खस्ने जोखिम अझै रहेकाले यात्रा गर्दा विशेष सावधानी अपनाउन उहाँले आग्रह गर्नुभयो ।

योजना कार्यालय, स्थानीय तह र सुरक्षा निकायको समन्वयमा आवश्यक उपकरण परिचालन गरी पहिरो पन्छाउने तयारी भइरहेको छ ।

**। सम्पादकीय ।**

# संसद् जनताका समस्या सम्बोधन गर्ने थलो

संसद् विरोधको लागि विरोध गर्ने ठाउँ होइन न त बहुमतको नाउँमा विपक्षी दलका सांसदहरूलाई पेल्ने ठाउँ हो । संसद्मा निर्वाचित दलका सांसदहरूले आ-आफ्नो दलको जनताको समस्याबारे ध्यानाकर्षण गर्नुपर्छ । संसद् भनेको सुन्ने र सुनाउने थलो मात्र होइन जनताका समस्या सम्बोधन गर्ने थलो पनि हो । सरकारले बजेट भाषणमा बजेटबारे सुझाव दिन आग्रह गरेको थियो । दललाई बजेटबारे सुझाव दिन समय दिनुपर्छ; समय दिएर निकास पनि खोज्नुपर्छ । दलको धारणा राख्न या जनताको समस्या सुनाउन एक दुई मिनेटको समय पुग्दैन । एक-दुई मिनेटमा जनताको समस्या कसरी पोख्न सकिन्छ ? सरकारले मन्त्रालयगत बजेट छुट्याएको छ । हरेक मन्त्रालयको बजेटबारे छलफल अघि बढाउनुपर्छ । शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, यातायात, खानेपानी, सूचना र प्रविधि आदि विषयमा हरेक दिन छलफल गर्नुपर्छ । विषयमा छलफल नै नगरी बहुमतको आधारमा बजेट पास गर्ने काम प्रजातान्त्रिक पद्धतिभित्र पर्दैन ।

सरकारले सार्वजनिक गरेको बजेट व्यावहारिक छ छैन ? आयस्रोत जुट्छ, जुट्दैन ? लागू गर्न सक्छ कि सक्दैन ? बाह्य र आन्तरिक ऋण जुट्छ कि जुट्दैन ? लिइएको ऋण र सोको ब्याज कहिले कसरी तिर्ने भन्नेबारे संसद्मा गहन छलफल हुनुपर्छ । बजेट जनतासामु पारदर्शी गर्नेमात्र होइन लागू पनि गर्नुपर्छ । लागू गर्ने वातावरण सरकारले तयार गर्नुपर्छ । तर, विडम्बना ! कुनै पनि सरकारले तय गरेको बजेटअनुसार काम गर्न सकेको छैन । सरकारले रासायनिक मल आयातको निम्ति बजेट त छुट्यायो । तर, बजेट मात्र छुट्याएर हुँदैन । रोपाइँको निम्ति देशभर रासायनिक मल सर्वसुलभ हुनुपर्छ । रासायनिक मल वितरणमा सरकारले विभेद गर्नु हुँदैन । रास्वपाको वाचापत्र संविधानमा उल्लेख भएअनुसार शिक्षा नि:शुल्क गर्ने उल्लेख छ । त्यो वाचापत्रअनुसार बजेटमा उल्लेख गरेको पाइँदैन ।

सरकारले मध्यमवर्गको शिर उठाउने बजेट ल्याएको दाबी गरेको छ । बजेटमा शिक्षा, स्वास्थ्य, रोजगारी, आम्दानी, उद्यमशीलता र करका विभिन्न दरमा उच्च छुट प्रदान गरेको घोषणा गर्ने सरकार श्रमजीवीवर्गको पक्ष या हितमा काम गर्न किन पछि हट्यो ? एकातिर सरकारले कर बढाउने र अर्कोतिर छुट दिने काम के द्वैधचरित्र होइन ? सरकारले महत्त्वाकाङ्क्षी बजेट सार्वजनिक गरे पनि मुलुकको कूटनीति र परराष्ट्र सम्बन्ध सुदृढीकरणको पाटो ओझेलमा परेको परराष्ट्रविद्हरूको विश्लेषण गलत होइन । विज्ञहरू भन्छन्, "कूटनीतिलाई खर्चिलो प्रशासनिक संरचना मात्रै ठानियो ।" सरकारले शिक्षामा लगाएको ३ प्रतिशत कर निजी लगानीमा सञ्चालित शिक्षालय र अभिभावकले स्वीकार नगर्ने खबर प्रकाशमा आएको छ । सरकारले लगाएको उक्त करको निर्णय फिर्ता नलिए आन्दोलन गर्ने चेतावनी निजी विद्यालय आबद्ध सङ्घ-सङ्गठनले दिन थालेको छ । जेठ १७ गते प्रकाशित 'नेपाल समाचारपत्र' मा लेखियो, 'निजी विद्यालयको बैठक जारी : भोलिसम्म धारणा सार्वजनिक गर्ने ।'

सोही दिनको 'नयाँ पत्रिका' मा लेखियो, 'बजेट रुपान्तरणको मार्गचित्र कि ऋणको महत्त्वाकाङ्क्षी भारी ?' मुलुकको जर्जर आर्थिक संरचना र बढ्दो ऋणको बोझमा टेकेर बनाइएको बजेटबारे योजनाविद्हरू भन्छन्, स्रोत व्यवस्थापनको पाटो चुनौतीपूर्ण देखिन्छ । कुल विनियोजनको ३१ प्रतिशत अर्थात् ६५७ अर्ब २ करोड ऋणबाट पूर्ति गर्ने लक्ष्य पूरा होला कि नहोला ? आगामी वर्षमै आन्तरिक र वैदेशिक ऋणको सावाँ फिर्ता दिन के सरकार सफल होला ? बढ्दो महँगी नियन्त्रण गर्ने, बिचौलियाको अन्त्य गर्नेतर्फ सरकारको ध्यान गएको छैन । के अब देशभरि बिजुली पुग्छ ? ५० भन्दा कम विद्यार्थी रहेका आठ हजार सामुदायिक विद्यालय गाभ्ने सरकारको तयारीले देशको शिक्षा स्थिति नाजुक भएको देखाउँछ । सामुदायिक विद्यालयको यो नाजुक अवस्थाको हल गर्ने उपाय के विद्यालय गाभ्ने हो ? एउटा विद्यालय र अर्को विद्यालयको दूरीमा कोसौँ फरक हुन्छ । विद्यार्थी विद्यालयमा कसरी पुग्छन् ? यसरी विद्यालय गाभेर कतै विद्यार्थीको पढाइ छुट्ने त होइन ? प्रधानमन्त्री बालेन्द्र साहले संसद्मा केटाकेटी पाराले जवाफ दिनु उचित होइन । भारतले नेपाली भूमि कहाँ कति मिच्यो र नेपालले कहाँ कति मिच्यो ? प्रम साहले स्पष्ट गर्नुपर्छ । देशको नेतृत्व सम्हाल्ने प्रम साहले नेपालले भारतको भूमि मिचेको भन्न सुहाउँदैन न त पदले नै दिन्छ ।

# नार्सियाली अर्थात् मनोगतवादी रोग अत्यन्त आत्मघाती हुन्छ



**सुरेन्द्रराज गोसाई**

हामी वाग्मती प्रदेशको १८ औँ अधिवेशनको सुरुआती चरणमा छौँ । बजेट अधिवेशन सुरु हुँदै छ । यही विषयमा महत्त्वपूर्ण छलफल हुँदै छ । कहिलेकाहीँ आलोचकहरू भन्छन्: वाग्मती प्रदेश सरकार के गर्छ ? वाग्मती प्रदेश सरकार अधिवेशन सुरु गर्छ, अनि अधिवेशनको अन्त्य गर्छ । बिचमा के गर्छ ? पूरै आराम गर्छ ! यो व्यङ्ग्यमिश्रित जनताको आलोचनाको जवाफ प्रदेश सरकारले देओस् । आजको छलफलको विषय त बजेट हो, नीति तथा कार्यक्रम हो । त्योभन्दा अगाडि अर्कै विषयमा प्रवेश गर्नुपर्ने स्थिति तयार भयो ।

भदौ २३ र २४ गते नेपालमा ठूलै घटना घट्यो । अहिले विश्लेषकहरू नयाँ-नयाँ यथार्थ अगाडि ल्याउँदै छन् । त्यो बङ्गलादेशको घटना होस्, श्रीलङ्काको घटना या नेपालको घटना नै किन नहोस् । ती घटनामा आईआरआई, एनईडी, टीओबी, जेनेरेसन डेमोक्रेसी आदिको संलग्नताबारे व्यापक चर्चा छ । ती सबै-सबैले हामीले गर्‍यौँ भन्दै दाबी गरिरहेको अवस्था पनि छ । जवाफ कसले दिने ? आ-आफ्नो चस्माले हेर्नु मानवीय गुण हो तर यथार्थ भनेको यथार्थ नै हुन्छ । योभन्दा अगाडि धेरै पटक यही संसद्मा बोल्यौँ । एमसीसी र एसपीपीका कुरा र वैदेशिक हस्तक्षेपका कुरा । नेपालमा भइरहेको, चलिरहेको वैदेशिक हस्तक्षेपको विरुद्धमा देशैभरि र संसद्मा तथ्य तथ्याङ्क र प्रमाणसहित कसैले बोल्यो भने हामी दाबाका साथ भन्छौँ । नेपालको देशभक्तिपूर्ण आन्दोलनको नेतृत्व इमानदारीपूर्वक, नि:स्वार्थपूर्वक कुनै पद वा भागबन्डालाई मनमा पटक्कै नराखीकन देश र जनताको सेवालाई शिरोधार्य गरेर नेपाल मजदुर किसान पार्टीले यथार्थ बोल्यो । एमसीसी सम्झौता गरेको खण्डमा अमेरिकी सहयोग या अनुदानको आवरणमा आउने जुन कुनै कुराले गर्दा देशको स्वाधीनता, स्वतन्त्रता र सम्प्रभुतामाथि आँच आउनेछ । त्यसकारण, हामीले सावधानी अपनाऔँ ! गम्भीरतापूर्वक लिऔँ ! हामीले बारम्बार भनेको यति नै हो । त्यसको परिणाम आज हामी भोग्दै छौँ । हामीले त्यो पनि भन्यौँ । अमेरिका र अमेरिकी नीतिसँग जो टाढा बस्छ त्यसको ठिक्कै भएको छ । जो जतिले अङ्गालो मारेर सँगसँगै हिँड्ने बानी बसाल्यो तिनीहरूको अन्त्य भएको छ । विश्वको इतिहासले यही भन्छ । अफ्रिकी देशहरूले त के सम्म भनेका छन् भने अमेरिकाजस्तो मित्र पाउनु भनेको अन्त शत्रु खोज्न जानुपर्दैन । त्यति आत्मघाती छ भनेर अनुभवले सिद्ध गरेको यथार्थ जगजाहेर नै

*अहिले जनताको एउटा प्रश्न छ: छाप्रो ढाल्न सक्ने सरकारले छाया सेन्टर किन ढाल्न सकेन ? छाप्राहरूमा डोजर चलाउने सरकारले सम्पदाहरू मासेर ठड्याइएका महलहरू चाहिँ किन जोगाउँछ ? वर्तमान सरकार कसको हो ? यसबाट पुष्टि हुन्छ ।*

छ । त्यसकारण, हामीले बुझौँ, हामी देशभक्तहरू इमानदार यदि छौँ भने यति यथार्थ बुझ्नलाई कसको बुद्धिमा बिर्को लागेको छ र ? सोचौँ । ढिलो होला ! फेरि पनि समय बाँकी छ । एउटा पुसले जाडो जाँदैन । फेरि आउँछ । मुख्य कुरा सङ्घर्ष गर्न छोड्नु हुँदैन । देशभक्तहरूले आत्मसमर्पण गर्नुहुँदैन । अन्तिम सास बाँकी रहेसम्म देशभक्तिपूर्ण आन्दोलनको नेतृत्व र अगुवाइ गर्नैपर्छ । त्योबाहेक अर्को विकल्प छैन । यदि यहाँ नेपालीहरूकै शासन होस् भन्ने चाहन्छौँ भने ।

हामी फेरि पनि भन्छौँ यो ठाउँबाट नेपालीको हातबाट सिंहदरबार जल्यो भन्ने कुरामा अहिले पनि विश्वास लागिरहेको छैन । त्यसमा कुनै पक्ष वा तत्त्वको हात छ । त्यो सिंहदरबार हाम्रो सम्प्रभुताको चिनो, त्यो सिंहदरबार हाम्रो स्वतन्त्रताको चिनो । थाहा थियो हामीलाई सिंहदरबार बाँदरहरूको कब्जामा पुगेको थियो तर हामी विदेशीहरूले कब्जा नगरून् भन्ने कुरामा सचेत थियौँ । हामीले बारबार भन्यौँ यो देशका शासकहरू निरो बने जो रोम जलिरहँदा बाँसुरी बजाइरहेका थिए । खबरदार निरो बन्न पाइन्न ! तर बाँसुरी बजाइरहँदा मौका पाए अरू कसैले । हामीले भन्यौँ यहीँ ठाउँबाट नार्सियाली रोगबाट शासक दल र नेताहरू मुक्त हुनुस् । नार्सियाली अर्थात् मनोगतवादी रोग अत्यन्त आत्मघाती हुन्छ । यो विषयमा शासनमा रहेका दलहरूलाई सजग गराउँदछौँ । जनतामाथिको अपमान, जनताको अवमूल्यन र प्रजातन्त्रको मूल्य–मान्यताप्रति लात मार्ने काम भए त्यसकारण हामीले दुर्भाग्य भोग्नुपर्‍यो । यसप्रति सजग बन्न हामी अनुरोध गर्दछौँ ।

यो हलभित्र प्रवेश गरिरहँदा हामीलाई लाग्दैन र यो किन खरानी भयो ? अझै पनि नहटेको खरानी देख्दा के मन भारी हुँदैन ? यी जलाइएका डोजरहरू देख्दा, यी जलाइएका गाडीहरू देख्दा के अनुभव हुन्छ ? के यी सामान्य कुरा हुन् ? के चटक्कै बिर्सिदिन मिल्ने कुरा हुन् ? आफ्नै आँखा अगाडि जलाइएको भवन, जुन ठाउँमा हामी यतिखेर उभिएका छौँ त्यो कसले गर्दा भयो ? किन भयो ? त्यसबारे चिन्तन नगरीकन बनाइने या ल्याइने नीति तथा कार्यक्रमको कुनै अर्थ रहनेछैन । हामीले यहाँ भर्खरै सुन्यौँ, 'गर्नुपर्दछ', 'गर्नुपर्दछ' । भोलि सुन्नेछौँ 'गरिनेछ', 'गरिनेछ' । नीति तथा कार्यक्रम आउने त्यस्तै होइन ? अनि अन्तिममा परिणामले के भन्छ ? 'भएन', 'हुन सकेन' । कतिञ्जेलसम्म यसरी लाज ढाक्न सकिन्छ ? जनतालाई हामी फेरि पनि बेवकूफ बनाउने ? यो हो हाम्रो कमजोरी । यो राजनीतिक दरिद्रता ! यो बौद्धिक दरिद्रताको अन्त्य हामी आफैंबाट सुरु गर्न आवश्यक छ । सांस्कृतिक दरिद्ररता र चिन्तनको दरिद्रताको अन्त्यले मात्र विकास या समृद्धि सम्भव छ । कमजोरी रहुञ्जेल हाम्रो बजेट, हाम्रो नीति तथा कार्यक्रम र हाम्रो परिणाम योभन्दा पनि तल्लोस्तरको बाहेक हामीले हातमा पाउने छैनौँ ।

आजको खबरले भन्छ, प्रतिभा पलायन अर्थात् ब्रेन ड्रेन डरलाग्दो स्थितिमा । हामीले सुन्यौँ भदौ २३ र २४ गतेभन्दा अगाडि यो देशमै रहने बस्ने वातावरण निर्माण हुनेछ । आजको खबरले भन्छ, लाखौँले फेरि पनि वैदेशिक रोजगारीको निमित्त अनुमति प्राप्त गरे । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा लामो लर्को आज पनि छ, हिजो पनि थियो । यसको जिम्मेवारी कसले लिने ? यस्तो परिस्थितिले हामीलाई गिज्याइरहेको छ । ३५ वर्ष सरकार चलायौँ, शिक्षा मन्त्रालय चलायौँ, श्रम तथा रोजगारी मन्त्रालय चलायौँ ! के यो देश म्यानपावर कम्पनीद्वारा सञ्चालित देश हो ? यो प्रश्नको जवाफ शासकहरूले दिनैपर्छ । ३५ वर्ष सरकार हाँक्ने र अहिले हाँकिरहेकाले दिनैपर्छ । वाग्मती सरकारले पनि त्यसको जवाफ दिनैपर्छ ।

नेपालीहरूको दूर्दशा अचम्मखालको छ । 'के गर्छौ मङ्गले, आफ्नै ढङ्गले !' शासक दलहरूलाई हामी के भनौँ ? 'तावाको माछा भुङ्ग्रोमा' भनेजस्तै नेपालीहरूको अवस्था छ । त्यो कतिञ्जेल हामीले बेहोर्ने ? यतातर्फ हामी सबै सचेत हुन आवश्यक छ । 'चोरलाई चौतारी, साधुलाई शूली' । कतिञ्जेल हुन्छ ? सधैँ हुँदैन । त्यसको पनि अन्त्य हुन्छ । यो आत्मविश्वास हामीले राख्न आवश्यक छ । वाग्मती प्रदेश सरकारलाई कुम्भकर्णको निद्रा सुत्ने अब छुट छैन । वाग्मती प्रदेश सरकारले केही आशा भरोसा जगाओस् हाम्रो भावना यही हो । हाम्रो शुभकामना यही नै छ । वाग्मती प्रदेश सरकार विलासिताका कुराहरूबाट अलग्गिएर फजुल खर्च नगरी अगाडि बढोस् भन्ने जनताको चाहना छ ।

अन्नपूर्ण पोस्टमा हिजो लेखियो: करोडौँ करोड, अरबौँ अरब खर्च गाडी, इन्धन र मर्मतमा ! यसबारे वाग्मती प्रदेश सरकारले जवाफ देला ? ३ अर्बभन्दा बढ्ता हामीले गाडीको नाउँमा खर्च गर्‍यौँ ! यसरी के जनतालाई समृद्धि दिन सक्छौँ ? झन्डै ३० खर्ब बाह्य ऋण छ । कतिञ्जेल हामीले विदेशीको ऋणको दासता स्वीकार्ने ? मैले त्यसमा व्याख्या वर्णन गरिनँ । यो उत्पादनशून्यता, यो परनिर्भरता छोड्न सकेनौँ भने हाम्रो दुर्भाग्य योभन्दा बढ्ता झेल्नुपर्नेछ । यो वर्ष मौसम पूर्वानुमानले कम पानी पर्ने र खडेरी हुने बताउँदै छ । धानको उत्पादन घट्ने प्रारम्भिक अनुमान छ । हामी चामल आयात गर्छौँ र धानको उत्पादन घट्ने बेलामा भोलिको हाम्रो स्थिति के होला ? भोकमरीको कारण मरेको खबर सुन्न नपरोस् ! आजको खबरमा गर्मीको कारण चार जनाको मृत्यु भएको बताइएको छ । गर्मी ह्वात्तै बढ्नेछ । मौसम पूर्वानुमानले भन्छ । गर्मीको कारण कसैको ज्यान नजाओस् । यतातर्फ पनि संवेदनशील बनौँ ।

यो गर्मीसँगसँगै रोगव्याधीको सम्भावना त्यतिकै बढ्नेछ । वाग्मती प्रदेश सरकारको तयारी के छ ? खाद्यसङ्कट आउने सम्भावना छ । यहाँनिर पनि हाम्रो तयारी आवश्यक छ । अघि भर्खरै मुख्यमन्त्रीज्यूले भन्नुभयो कि मध्यपूर्वको लडाइँ अहिले पनि चालू छ । अहिले ऊर्जासङ्कट विश्वव्यापीरूपमा छ । योभन्दा अगाडि पनि हामीले छलफलमा भनेका थियौँ । त्यस्तो बेलामा हामी आफैले खनिखोस्रिकन केही गर्ने र आफ्नै खुट्टामा उभिने तयारी गर्न आवश्यक छ ।

तेस्रो विश्वयुद्धको सम्भावनाबारे पनि जानकारहरू छलफल गर्दै छन् । पश्चिमा गोलार्द्धमा एउटा सुन्दर स्वतन्त्र देश छ, क्युवा । क्युवामा अर्को लडाईं सुरु गर्ने फेरि पनि अमेरिका तयारी गर्दै छ भन्ने खबरहरूले भन्छ । यदि त्यो सुरु भएको खण्डमा धेरै सम्भावना छ, तेस्रो विश्वयुद्ध अगाडि बढ्नेछ । त्यो खतरनाक विषय हो । यस्तो सङ्कटको घडीमा यो देशको स्वतन्त्रता र स्वाधीनता कसरी जोगाउने ? जनतालाई यी सम्पूर्ण सङ्कटबाट कसरी जोगाउने ? अहिलेको मुख्य प्रश्न यही नै हो । यस विषयमा वाग्मती प्रदेश सरकारले आफ्नो तर्फबाट तयारी सुरु गरोस् ।

अहिले जनताको एउटा प्रश्न छ: छाप्रो ढाल्न सक्ने सरकारले छाया सेन्टर किन ढाल्न सकेन ? छाप्राहरूमा डोजर चलाउने सरकारले सम्पदाहरू मासेर ठड्याइएका महलहरू चाहिँ किन जोगाउँछ ? वर्तमान सरकार कसको हो ? यसबाट पुष्टि हुन्छ ।

***(वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले गत जेठ ११ गते सम्पन्न वाग्मती प्रदेश सभाको १८ औँ अधिवेशनको प्रथम बैठकमा राख्नुभएको विचारको सम्पादित अंश)***

# ‘कथित’ आदिम सञ्चय

डेनिस टालोन

यहाँ हामी ‘कथित आदिम सञ्चय’ को विषयमा छलफल गर्ने छौँ । पुँजीवादलाई अस्तित्वमा राख्न गरिने हिंसाबारे मार्क्सले विस्तृत चर्चा गर्नुभयो । मार्क्सले ‘कथित’ शब्दमा विशेष जोड दिनुभएको थियो ।

“वास्तविक इतिहासमा कब्जा, दासत्व, लुटपाट, हत्या अथवा छोटकरीमा बल प्रयोगको कुख्यात तथ्यले निकै ठुलो भूमिका खेलेको छ । राजनीतिक अर्थशास्त्रको सुरम्य वृत्तान्तमा अज्ञात कालदेखि अमनचयनको रजाइँ छ ।”

***- मार्क्स, पुँजी, खण्ड १, पे. ८७४ ।***



हामीलाई कसरी केही मानिसहरू सबथोकका मालिक बने र अरू कङ्गाल बने भन्ने कथा सुनाइन्छ । मालिकहरूले कडा मिहिनेत गरे र बचत गरे भनिन्छ । अरूले केही गरेनन् भनिन्छ । यो एउटा नीतिकथा हो । यसले इतिहासमा सुनपानी छर्किन्छ । दुई शताब्दीअघि मार्क्सले यही कथाविरुद्ध काम गर्नुभयो । उहाँले सबै वर्गलाई एकै डालामा हाल्ने यो नीतिकथाको खण्डन गर्नुभयो । त्यो बेला एडम स्मिथले त्यो कथा भनेका थिए । उनी त्यसलाई ‘पूर्व सञ्चय’ भन्थे । उनको कथाअनुसार उहिले संसारमा दुईथरी मान्छे थिए - एकथरी मेहनती र मितव्ययी थिए; उनीहरूले बचत गरे । अर्काथरी अल्छी थिए; उनीहरूले सम्पत्ति खेर फाले । पहिलोथरी मानिस पुँजीपति भए । दोस्रोथरी मानिससँग आफूलाई बेच्नेबाहेक अर्को केही चीज बाँकी रहेन ।

मार्क्सले यो कथालाई घृणा गर्नुहुन्थ्यो । त्यही भएर आफ्नो कृति ‘पुँजी’ को आठौँ अध्यायको शीर्षक उहाँले ‘कथित आदिम सञ्चय’ राख्नुभयो । मार्क्सको मनसाय बुझ्ने हो भने हामीले ‘कथित’ को भित्री अर्थ बुझ्नुपर्छ । इयान एङ्गसले तर्क गर्नुभयो - मार्क्सले यहाँ आदिम सञ्चयको वर्णन गर्नुभएको होइन, बरु उहाँले यो अवधारणाको निन्दा गर्नुभएको हो । यो पूरै अध्यायमा पुँजीवाद बचतको सुस्त र शान्त सदाचारबाट जन्मेको थियो भन्ने विचारको खण्डन गरिएको छ । पुँजीवाद खासमा बलप्रयोगबाट जन्मेको थियो ।

अङ्ग्रेजहरू यसका नमुना हुन् । १५ औँ र १६ औँ शताब्दीमा त्यहाँ पुस्तौँपुस्तादेखि साझा जमिनमा खेतीपाती गरिरहेका किसानहरूलाई जमिनबाट बेदखल गरेर धपाइएको थियो । कपासको व्यापार नाफादायी थियो । त्यसैले खेतीयोग्य जमिनलाई भेडापालनका लागि चरन क्षेत्रमा फेरियो । यस विषयमा मार्क्सले थोमस मोरलाई उद्धृत गर्नुभएको छ । मोरले भेडाहरूले ‘मान्छेलाई सर्लक्कै निले’ भनेका थिए । मठमन्दिरहरू विघटन गरेपछि मानिसहरूको ठुलो जत्था सर्वहारावर्गमा फेरियो । विस्थापितहरू ‘आवारा’ बनेपछि जून राज्यसत्ताले तिनलाई जमिनबाट धपाएको थियो, त्यही सत्ताले तिनलाई कोर्रा लगायो, तिनीहरूविरुद्ध मुद्दा चलायो र फासीमा झुन्ड्यायो । त्यसपछि उपनिवेश विस्तारको युग आयो । भारतमा लुटपाट मच्चाइयो, अमेरिकी महादेशहरूमा जातिसंहार गरियो र एटलान्टिक महासागर आरपार दास व्यापार गरियो । “युरोपबाहिर खुलेआम लुटपाट, दासकरण र हत्या गरेर कब्जा गरिएको खजाना मातृदेशमा पठाइयो र त्यहाँ पुँजीमा बदलियो ।” पुँजीवादको जग यही हो ।

यहाँ पुँजीवादको सदाचारी विवरणलाई मार्क्सले ऐतिहासिक तथ्यले विस्थापित गर्नुभयो । पुँजीवाद सदाचारबाट जन्मेको थिएन । यसलाई त निर्माण गरिएको थियो । एकातिर बेच्नलाई श्रमबाहेक अर्थोक नभएको जनसमूह र अर्कोतिर उत्पादनका साधन मुठ्ठीमा राखेको जत्था तयार गरियो । बिचमा संसद्, समुद्री जहाज र अनेक बन्धनका तारबार लगाएर यी दुई समूहलाई अलग राखियो ।

यो पर्खाल खडा गरेपछि पुँजीवादले धन सोहोर्ने दुई तरिका अपनायो । पिटर लाइनबगले यसलाई ‘दुई एक्स’ (X2) भनेका छन् । पहिलो हो - शोषण (Exploitation) । ज्याला तोक्दा शोषण गरिन्छ । कामदारलाई तिनको समयको पैसा तिरिन्छ र तिनले आफूले पाएको रकमभन्दा बढी मूल्य पैदा गर्छन् । यो बढी मूल्य रोजगारदाताको खल्तीमा जान्छ । यो लुटपाट हो । तर, यसलाई समान लेनदेनको पर्दा लगाएर लुकाइन्छ । दोस्रो तरिका हो - अपहरण (Expropriation) । यो ज्याला सम्बन्धभन्दा बाहिर हुन्छ । जमिनलाई तारबार गरिन्छ, ज्ञानलाई निजीकरण गरिन्छ, सार्वजनिक सम्पत्ति बेचिन्छ । वास्तवमा यहाँ कुनै लेनदेन हुँदैन । पुँजीवाद सधैँ यी दुई तरिकामा निर्भर रहँदै आएको छ । शोषणले नपुग्दा पुँजीवादले जहिल्यै अपहरण वा लुटपाट गर्छ ।

त्यसैले माथिको शीर्षकमा ‘आदिम’ विगतको विषय होइन । यही तर्कले आज पनि काम गर्छ । आज सार्वजनिक आवासको निजीकरण हुन्छ । बीउबिजन केही मानिसको मुठ्ठीमा राखिन्छ । ‘सामान्य बुद्धि’ (General Intellect) लाई उद्यमी मोडलमा ढालिन्छ । पुँजीवादको कथामा हिंसा भूमिका मात्र थियो र वर्तमान शान्त अध्याय हो भन्छ ।

हो, वर्तमान त्यही अध्याय हो र यो शान्त छैन । त्यसैले मार्क्सले आफ्नो कृति ‘पुँजी’ मा लेख्नुभयो, “अनि यो इतिहास, तिनको लुटपाटको इतिहास मानव जातिको वृत्तान्तमा रगत र आगोले लेखिएको छ ।”

***स्रोत : एमआर अनलाइन***
***अनुवाद : सम्यक***

# मोदी शासनमा भारतीय लोकतन्त्र काल्पनिकीकरणतर्फ

अनिल सिन्हा

सत्य अपरिवर्तनीय छ । तर, काल्पनिक लिपिलाई इच्छाअनुसार परिवर्तन गर्न सकिन्छ । आर्थिक उछाललाई रातारात आर्थिक दुःस्वप्नमा परिणत गर्न सकिन्छ । चुनावी अभियानमा गुलाबी चित्र प्रस्तुत गर्ने भारतका प्रधानमन्त्री नरेद्र मोदीले अचानक असाधारण सङ्कटको घोषणा गरे । उनले केही अघिमात्र महिला सशक्तीकरणको उच्च आदर्शमा एक सीमाङ्कन विधेयकलाई जोडेका थिए ।


भारतीय हितका लागि कपटी व्यापार सम्झौतालाई देशको हितका लागि भन्ने चित्रण गरिने गरेको छ । त्रुटिपूर्ण आर्थिक र विदेश नीतिको परिणाम युद्धको अपरिहार्य प्रभावको रूपमा प्रस्तुत गरिएको छ । ‘सबका-साथ-सबका-विकास अर्थात् सबैको साथ, सबैका लागि प्रगति’ को एक महान् कथ्यमा एक भयानक साम्प्रदायिक एजेन्डा अघि बढाइने गरेका छ । नरेन्द्र मोदीले भारतीय लोकतन्त्रलाई काल्पनिक बनाउँदै छन् भन्ने अनुमान गर्नु भ्रामक हुनेछैन ।

कथा परिस्थितिगत तर्कमा मोडिन्छ । प्रचारको शक्तिले कल्पनालाई बिक्री गर्ने सुविधाका लागि एक विश्वस्त अक्ष निर्माण गर्छ । कथालाई नियन्त्रण गर्ने हतासपन यस भ्रामक चालको पछाडिको प्राथमिक शक्ति हो, जबकि मोदीले आफ्नो फिक्का छविलाई पुनर्जीवित गर्न यो चालको पनि फाइदा उठाउँछन् । उनी मन्त्रिपरिषद्को नियमित बैठकको अध्यक्षता गर्छन् र यसलाई ‘विकसित भारत’ को ठुलो लक्ष्यसँग जोड्न सन्देशलाई मोड्छन् ।

समजिक सञ्जाल एक्समा उनको पोस्टले उनले बैठक कसरी सञ्चालन गरे भन्नेबारे केही अन्तरदृष्टि दिन्छ । उनले जनतासँग साझा गरेको तस्बिरले उनलाई बाँकी मन्त्रीबाट स्वाभाविक रूपमा अलग गर्छ र मन्त्रिपरिषद्का अन्य सदस्यभन्दा फरक स्थानमा राख्छ । यसले संसदीय लोकतन्त्रमा प्रधानमन्त्रीको भूमिका वर्णन गर्न प्रयोग गरिने ‘समानहरूमा पहिलो’ पदमा उनको स्थान छैन भन्ने कुराको सम्झना गराउँछ ।

उनले आफ्ना सहकर्मीलाई वैकल्पिक ऊर्जाको स्रोत खोज्न पनि आग्रह गर्छन् । के दृश्यले सामूहिक जिम्मेवारीको संवैधानिक व्यवस्थालाई कमजोर पार्दैन ? के तिनीहरूले मन्त्रिपरिषद्लाई केवल सल्लाहकारको समूहमा रूपान्तरण गर्दैनन् ? के यो घोषणा होइन, जसलाई उनी एक्लैले निर्णय गर्छन् ? संस्थाहरू निरन्तर अस्तित्त्वमा रहन्छन्, तर संवैधानिक रूपमा तिनीहरूको तोकिएको भूमिकाविना ।

रोममा भएको बहुचर्चित ‘मेलोडी’ नाटकले लोकतन्त्रको काल्पनिकीकरणको अर्को आयाम पनि प्रस्तुत गर्छ, जहाँ सामान्य कूटनीतिक इसारालाई उनको छविलाई मुक्त गर्न मात्र नभई उनको भ्रमणको वास्तविक उद्देश्यबाट ध्यान हटाउनका लागि अनौठो घटनाको रूपमा देखा पर्छ । यो इसारा चर्को र तुच्छ थियो । नाटकले वास्तवमा मितव्ययिता कार्यक्रममा छोटो विराम ल्यायो, जसमा मन्त्रीहरू बसमा यात्रा गरिरहेका थिए र मुख्यमन्त्री इकोनोमी क्लासमा उडिरहेका थिए ।



मितव्ययिताका उपाय घोषणा गरिएको तरिकाले वास्तविक बहसको काल्पनिकीकरणतर्फ पनि औँल्याउँछ । आत्म-प्रचारका लागि उनको उन्माद र देखावटीपूर्ण विदेश यात्रामा प्रकट हुने उल्लेखनीय उदारताबिच, एक विशुद्ध आर्थिक आवश्यकतालाई देशभक्तिको स्पर्श दिइएको थियो ।

महँगो पेट्रोल किन्नु, कम तेल खानु र सुन खरिद नगर्नु राष्ट्रवादको आह्वानको प्रतिक्रिया बनेको छ । ती तथ्यलाई दबाएर राख्ने काल्पनिक कुरा हो । उनको अपिलले भारतीय लोकाचार वा अधिग्रहणको सारलाई छुनेछ । जवाफका लागि विपक्षीको माग व्यर्थ जाने निश्चित थियो । लोकतन्त्रलाई चोट पुग्छ, तर कुनै आवाजविना ।

लोकतन्त्रको काल्पनिकीकरणतर्फको पहिलो कदम इरानमाथि इजरायल-अमेरिका युद्ध थियो । प्रधानमन्त्रीले सङ्कटलाई कोभिड महामारीसँग तुलना गर्छन्, जहाँ युद्धले प्राकृतिक प्रकोपको चरित्र लिन्छ । रहस्यमयीकरणले मोदीलाई त्रुटिपूर्ण विदेश नीति अपनाएको आरोपबाट प्रभावकारी रूपमा मुक्त गर्छ, किनकि कुनै पनि मानिसलाई प्राकृतिक प्रकोपका लागि जिम्मेवार ठहराउन सकिँदैन । कथाले उनलाई एक निर्दोष प्रत्यक्षदर्शीको रूपमा प्रस्तुत गर्छ, जो पश्चिम एसियामा भएका विकासक्रमबाट अनभिज्ञ छ र बढ्दो तनावको कुनै जानकारीविना इजरायलको भ्रमण गर्छ । यसले मोदी अमेरिकी दबाबमा झुकेको साथै इरान र रुसबाट तेल खरिद रोक्नेबारे असान्दर्भिक बहस प्रस्तुत गर्छ । रहस्यमयीकरणले मोदीको हालैको इजरायल समर्थक युएई भ्रमणबारे प्रश्न उठ्नबाट पनि रोक्छ, जतिबेला ब्रिक्स देशका विदेशमन्त्रीहरू सङ्कटबारे छलफल गर्न दिल्लीमा थिए ।

सुरक्षा, वित्त वा बिग्रिँदै गएको जीवनयापनको अवस्थाबारे लगभग पहुँच नभएको अपारदर्शी लोकतन्त्रमा मानिसलाई पर्दापछाडि हुने हेरफेरबारे जान्न कुनै अवसर छैन । यसले शासकका लागि काम सजिलो बनाउँछ । यद्यपि, यस अवस्थामा केहीले मोदीको विदेश नीतिपछाडिको कर्पोरेट सम्बन्धलाई औँल्याए । उनको नोर्डिक देशहरू र इटलीको भ्रमण एक प्रमुख भारतीय कर्पोरेट समूहको स्वार्थसँग मिल्दोजुल्दो भएको हुन सक्ने अनुमान गरिएको थियो ।

मोदीले मितव्ययिताका उपाय घोषणा गर्न सार्वजनिक न्यालीको छनोट गर्दा पनि हामी काल्पनिक तत्त्व पाउँछौँ । जनतासँगको आफ्नो कुराकानी अनौपचारिक देखिन उनी यस्तो गर्छन् । यो रणनीति उनको शासनको एक आवश्यक भाग हो । उनको मनकी बात अनौपचारिक तर एकतर्फी सञ्चारको उत्कृष्ट उदाहरण हो ।

मितव्ययिताका उपायको घोषणा गर्दा उनले संसद्, सरकारी टेलिभिजन च्यानल र पार्टी प्लाटफर्मसहित सबै उपलब्ध च्यानल त्याग्छन्, ताकि सञ्चार पहिलेभन्दा अझ अनौपचारिक देखियोस् । उनी मन्त्रिपरिषदमा पनि यस विषयमा छलफल गर्दैनन् । संस्थाहरू आफ्नो संवैधानिक भूमिकाबाट अलगिगएको समयमा अरूसँग परामर्श गर्ने सानो इसाराले पनि लोकतान्त्रिक संस्थामा केही विश्वास जगाउन सक्छ ।

यद्यपि, उनी जानाजानी यस्तो सम्भावनालाई हटाउने छनोट गर्छन् । उन सोही उद्देश्यका लागि हेगमा भएको रणनीति दोहोऱ्याउँछन् र आप्रवासी भारतीयको सामुदायिक भेलामा गरिबीमा हुने सम्भावित वृद्धिको घोषणा गर्छन् । लोकतन्त्रको प्रधानमन्त्रीले देशबाहिरको अनौपचारिक भेलामा यस्तो महत्त्वपूर्ण जानकारी कसरी प्रकट गर्न सक्छन् ?

मानिसलाई लाग्न सक्छ कि हरेक प्रमुख संस्था पूर्ण नियन्त्रणमा रहेको र पश्चिम बङ्गालमा अप्रत्याशित विजय हासिल गरेको समयमा किन मोदी लोकतन्त्रलाई काल्पनिक बनाउँछन् ?

पश्चिम बङ्गालको विजयले उनलाई मुस्किलले चुनाव जित्नबाट रोक्न सकिन्छ भन्ने कुरा देखाएको छ । जितले निर्वाचन प्रणालीमा नयाँ तत्त्वहरू ‘तार्किक विसङ्गति’ को एक वर्ग, मतदाताको योग्यता जाँच गर्न न्यायाधीकरण, केन्द्रीय बलको ठुलो परिचालन, केन्द्र सरकारबाट कर्मचारीको गणना आदि परिचय गराएर चुनावको प्रकृतिलाई निर्णायक रूपमा परिवर्तन गरेको छ ।

यो जितले निर्वाचन प्रणालीमा नयाँ तत्त्वहरू-मतदाताको योग्यता जाँच गर्न न्यायाधीकरण, केन्द्रीय बलको ठुलो परिचालन, केन्द्र सरकारबाट गणना कर्मचारी इत्यादिलाई प्रवेश गराएर चुनावको प्रकृतिमा निर्णायक परिवर्तन ल्याएको छ ।

यद्यपि, पूर्ण नियन्त्रणले अस्थिरताबाट मुक्ति पाउने विषयलाई मुस्किलले सुनिश्चितता गर्छ । घुसपैठियाको कथाले पश्चिम बङ्गालमाथिको नियन्त्रणलाई वैध बनाउन सक्दैन । मताधिकारबाट वञ्चित हुनु र अल्पसङ्ख्यक र विपक्षीको दमनबाट उत्पन्न हुने असन्तुष्टिले अस्थिरता निम्त्याउन सक्छ । तसर्थ, मोदीले लोकतन्त्रको काल्पनिकीकरणलाई एक विचलनकारी उपकरणका रूपमा हेरिरहेका हुन सक्छन् ।

***- द वायरबाट***
***(लेखक भारतका वरिष्ठ पत्रकार हुन् ।)***



दक्षिणी लेबनानको मार्जायोन क्षेत्रको एक आर्नोन गाउँमाथि इजरायलले ठुलो विस्फोट क्षमताको बम प्रहार गरेपछि निस्किएको धुँवाको मुस्लो मे ३१, २०२६ का दिन । *तस्बिर : एएफपी*

# अमेरिकासँग आफ्नो अधिकार सुरक्षित नभएसम्म कुनै सम्झौता नगर्ने इरानको अडान

तेहरान, १७ जेठ (एएफपी) । अमेरिकाले इरानलाई कडा शान्ति प्रस्ताव फिर्ता पठाएको रिपोर्टहरू बाहिर आएपछि इरानी वार्ता टोलीका प्रमुख वार्ताकारले आइतबार तेहरान संयुक्त राज्य अमेरिकासँग जस्तोसुकै सम्झौतामा पनि सहमत हुन नसक्ने बताउनुभएको छ ।

प्रस्तावमा कुनै पनि परिवर्तनले मध्यपूर्व युद्धलाई औपचारिक रूपमा अन्त्य गर्ने र स्ट्रेट अफ हर्मुजको जलमार्गलाई पुन: खोल्ने सम्झौतालाई थप ढिलाइ गर्न सक्छ ।

न्यूयोर्क टाइम्स र एक्सियोसले अमेरिकी स्रोतलाई उद्धृत गर्दै शनिबार लेखेका छन्, “ट्रम्पले ‘कडा’ सर्तहरू साथ इरानलाई नयाँ ढाँचा फिर्ता पठाएका छन् । यद्यपि विस्तृत विवरण खुलाइएको छैन ।

सरकारी टेलिभिजनमा प्रसारण गरिएको भिडियोमा मोहम्मद बाघर गालिबाफले भन्नुभएको छ, “इरानी जनताको अधिकार सुनिश्चित नभएसम्म हामी कुनै पनि सम्झौतालाई अनुमोदन गर्दैनौं ।”

ट्रम्पले आफ्ना प्राथमिकताहरूमा इरानलाई कुनै पनि आणविक हतियार विकासबाट रोक्ने र नाकाबन्दी गरिएको हर्मुजको जलमार्गलाई पुन: खोल्नुपर्ने रहेको बताएका छन् ।

तेहरानले यसअघि ट्रम्पको भनाइमा शङ्का व्यक्त गर्दै आएको छ र दुई पक्षहरू मुख्य विवादका मुद्दाहरूबाट टाढा छन् ।

इरानले आफ्नो आणविक कार्यक्रमका बारेमा ठोस वार्तामा संलग्न हुनुअघि रोक्का गरिएको १२ अर्ब डलर बराबरको सम्पत्ति जारी गर्नुपर्ने बताएको छ ।

तेहरानले पनि जारी लडाइँको बाबजुद लेबनानलाई कुनै पनि सम्झौतामा समावेश गर्ने कुरालाई जोड दिएको छ । इजरायलले इरान समर्थित हेजबुल्लाहबिरूद्ध अभियान विस्तार गरेपछि बेरुतले उसलाई ‘विनासको नीति’ अबलम्बन गरेको आरोप लगाएको छ ।

अमेरिकी रक्षा मन्त्रालय पेन्टागनका प्रमुख पिट हेगसेथले शनिबार एसियामा भएको रक्षा सम्मेलनमा वासिङ्टन आवश्यक परेको खण्डमा युद्ध पुन: सुरु गर्न ‘आवश्यकताभन्दा बढी सक्षम’ रहेको दाबी गरेका थिए ।

गत अप्रिलमा तेहरान र वासिङ्टनले अस्थायी युद्धविराम गरेपछि र पाकिस्तानको मध्यस्थतामा वार्ता भएपछि इरान र खाडीमा दैनिक आक्रमणहरू रोकिए पनि छिटपुट लडाइँ जारी छ ।

यसैबिच, इरानको रिभोलुसनरी गार्डले आइतबार इरानको जलक्षेत्रमा प्रवेश गर्न लागेको अमेरिकी ड्रोन खसालेको जनाएको छ । यसै हप्ताको सुरुवातमा इरानको बन्दर अब्बासस्थित बन्दरगाहमा अमेरिकी सेनाले आक्रमण गरेपछि युद्धविरामपछिको सबैभन्दा खराब द्वन्द्व सुरु भएको थियो ।

जे होस्, कूटनीतिक नीतिले ट्रम्पलाई एक सम्झौता सुरक्षित गर्न दबाबमा राखेको छ जसले स्ट्रेट अफ हर्मुज वरपरको प्रतिस्पर्धात्मक अमेरिका र इरानको नाकाबन्दी हटाउनेछ, जसले विश्वव्यापी तेल आपूर्तिको लागि महत्त्वपूर्ण मार्गको आवागमन रोकेको छ ।

ट्रम्पले कुनै पनि सम्झौताअन्तर्गत उक्त जलसन्धि भएर जान सक्ने पानीजहाजमा इरानले कुनै शुल्क नलिने बताएपछि इरानी समाचार एजेन्सी फार्सले स्रोतलाई उद्धृत गर्दै भनेको छ, “त्यस्तो कुनै प्रावधान सम्भावना छैन ।”

इरानको समाचार संस्था ( आइएसएनए) ले सांसद अलिरेजा सलिमीलाई उद्धृत गर्दै नियन्त्रित जलक्षेत्रमा इरानको व्यवस्थापन र सार्वभौमिकता कार्यान्वयन गर्ने योजना छिट्टै संसदमा पेश गरिने बताएको छ ।

# ‘शेन्झोउ-२१’ अभियान सफल, तीन अन्तरिक्षयात्री सकुशल पृथ्वीमा फिर्ता

पेइचिङ, ३१ मे (सिन्ह्वा) । चीनको ‘शेन्झोउ-२१’ अन्तरिक्ष अभियानमा सहभागी तीन अन्तरिक्षयात्री झाङ लु, वु फेई र झाङ होङझाङ २१० दिनको सफल अन्तरिक्ष बसाइ सम्पन्न गरी शनिबार सकुशल पेइचिङ आइपुग्नुभएको छ ।

उहाँहरू शुक्रबार साँझ सुरक्षित रूपमा पृथ्वीमा अवतरण गर्नुभएको थियो । अन्तरिक्षमा लामो समय बिताएर फर्किनुभएका तीनै जना अन्तरिक्ष यात्रीहरूको स्वास्थ्य अवस्था राम्रो रहेको चीनको मानवयुक्त अन्तरिक्ष कार्यक्रमसम्बन्धी निकायले जनाएको छ । साथै, शेन्झोउ-२१ अन्तरिक्ष अभियान पूर्ण रूपमा सफल भएको पनि पुष्टि गरिएको छ ।

अभियानका क्रममा उहाँहरूले अन्तरिक्ष केन्द्रमा रहेर विभिन्न वैज्ञानिक अनुसन्धान, प्राविधिक परीक्षण तथा अन्तरिक्ष केन्द्रको नियमित सञ्चालनसँग सम्बन्धित महत्त्वपूर्ण जिम्मेवारीहरू सफलतापूर्वक निर्वाह गर्नुभएको थियो । २१० दिनको अन्तरिक्ष बसाइ चीनको अन्तरिक्ष अनुसन्धान तथा प्रविधि विकासका दृष्टिले महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ ।

पृथ्वीमा फर्किएपछि उहाँहरू केही समय चिकित्सकीय निगरानी तथा क्वारेन्टिनमा बस्नुहुनेछ । यस अवधिमा विस्तृत स्वास्थ्य परीक्षण, शारीरिक अवस्था मूल्याङ्कन तथा आवश्यक पुन:स्थापना प्रक्रिया सञ्चालन गरिने जनाइएको छ । अन्तरिक्षमा लामो समय बिताउँदा शरीरमा पर्न सक्ने प्रभावहरूको अध्ययनसमेत यस क्रममा गरिनेछ ।

सम्बन्धित निकायका अनुसार स्वास्थ्य परीक्षण र विश्राम अवधि सम्पन्न भएपछि उहाँहरूले पेइचिङमा आयोजित पत्रकार सम्मेलनमार्फत आफ्नो अन्तरिक्ष यात्राका अनुभव तथा अभियानका उपलब्धिबारे जानकारी दिनुहुनेछ ।

शेन्झोउ-२१ अभियानको सफल समापनलाई चीनको मानवयुक्त अन्तरिक्ष कार्यक्रमको अर्को महत्त्वपूर्ण उपलब्धिका रूपमा लिइएको छ । यस सफलताले भविष्यका थप उन्नत अन्तरिक्ष अभियान तथा वैज्ञानिक अनुसन्धानका लागि महत्त्वपूर्ण आधार तयार गरेको विश्वास गरिएको छ ।

# इबोला प्रकोप व्यवस्थापनमा अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता : डब्लुएचओ

बुनिया, ३१ मे (सिन्ह्वा) । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का महानिर्देशक टेड्रोस अधानोम गेब्रेयेससले डेमोक्रेटिक रिपब्लिक अफ कङ्गो र युगान्डामा फैलिएको इबोला प्रकोपका कारण केही देशहरूले लगाएको यात्रा प्रतिबन्ध तथा सीमा बन्दी पुनर्विचार गर्न आग्रह गर्नुभएको छ ।

कङ्गोको उत्तरपूर्वी इटुरी प्रान्तको राजधानी बुनियामा आयोजित संयुक्त पत्रकार सम्मेलनमा बोल्दै उहाँले यस्ता प्रतिबन्धहरूले रोग नियन्त्रण प्रयासलाई कठिन बनाउने मात्र होइन, पारदर्शिता र विश्वासलाई पनि कमजोर पार्न सक्ने बताउनुभयो । उहाँले ‘विश्वास र पारदर्शिता नै जीवन बचाउने आधार हुन्’ भन्दै प्रतिबन्धहरू पुन: मूल्याङ्कन गर्नुपर्नेमा जोड दिनुभयो ।

विश्व स्वास्थ्य सङ्गठन प्रमुखका अनुसार यद्यपि इबोलाका लागि पूर्ण रूपमा मान्यता प्राप्त खोप वा विशेष औषधि सीमित भए पनि समयमै गुणस्तरीय उपचार उपलब्ध भए धेरै बिरामीहरू निको हुन सक्ने सम्भावना हुन्छ ।

उहाँको भनाइअनुसार उहाँको बुनिया भ्रमणको उद्देश्य प्रभावित समुदायसँग प्रत्यक्ष संवाद गर्नु पनि हो, जहाँ हालसम्म एक हजारभन्दा बढी शङ्कास्पद केसहरू रिपोर्ट गरिएका छन् ।

यसैबिच युगान्डामा पनि नयाँ सङ्क्रमणका कारण थप केसहरू पुष्टि भएका छन् । स्वास्थ्य मन्त्रालयका अनुसार राजधानी कम्पालामा दुई नयाँ सङ्क्रमण फेला परेपछि कुल नौ पुष्टि भएका केसहरू रहेका छन् ।

कङ्गोका स्वास्थ्यमन्त्री रोजर काम्बाका अनुसार देशले आगामी चारदेखि छ महिनाभित्र प्रकोप नियन्त्रण गर्ने लक्ष्य राखेको छ । उहाँका अनुसार मुख्य प्राथमिकता इटुरी, उत्तर किभु र दक्षिण किभु गरी तीन प्रभावित प्रान्तमै सङ्क्रमण सीमित गर्नु हो ।

उहाँले परीक्षण क्षमतामा सुधार भएको उल्लेख गर्दै अहिले प्रयोगशालामा कुनै परीक्षणको ढिलाइ नरहेको बताउनुभयो । हाल करिब नौ सय नमुना परीक्षण गरिएकोमा करिब दुई सय साठी सकारात्मक देखिएको र दैनिक दुई सयदेखि तीन सय नमुना परीक्षण गर्न सक्ने क्षमता रहेको जानकारी पनि दिनुभएको छ ।

## विश्व सङ्क्षेप

# इरानतर्फ जाँदै गरेको मालवाहक जहाजमाथि अमेरिकी क्षेप्यास्त्र प्रहार

वासिङ्टन, ३१ मे (एपी) । अमेरिकी सेनाले इरानका बन्दरगाहहरूमा लगाएको नाकाबन्दी तोडेर प्रवेश गर्न खोजेको एउटा मालवाहक जहाजलाई रोक्न त्यसको इन्जिन कक्षमा क्षेप्यास्त्र प्रहार गरेको जनाएको छ ।

अमेरिकी केन्द्रीय कमाण्डका अनुसार गाम्बियाको झण्डा बोकेको एक मालवाहक जहाजले इरानको बन्दरगाहमा प्रवेश गर्ने प्रयास गर्दा अमेरिकी सेनाले २० भन्दा बढी चेतावनी दिएको थियो । चेतावनीलाई बेवास्ता गरेपछि जहाजको इन्जिन क्षेत्रमा क्षेप्यास्त्र प्रहार गरिएको बताइएको छ ।

हाल उक्त जहाज ओमानको खाडी क्षेत्रमा चल्न नसक्ने अवस्थामा रहेको छ । अमेरिकी सेनाले अझै जहाजमा चढेर नियन्त्रणमा लिएको छैन ।

अमेरिकी सेनाका अनुसार नाकाबन्दी सुरु भएयता इरानतर्फ जान खोजेका ६ वटा जहाजलाई रोकिएको छ । तीमध्ये एउटा जहाजलाई पछि अगाडि बढ्न अनुमति दिइएको थियो भने ११६ वटा जहाजलाई आफ्नो मार्ग परिवर्तन गर्न बाध्य पारिएको छ । अमेरिकाले अप्रिल १७, २०२६ मा इरानमाथि समुद्री नाकाबन्दी लागू गरेको थियो । यो कदम इरानले हर्मुज जलडमरू क्षेत्रमा आवागमन प्रभावकारी रूपमा बन्द गरेपछि चालिएको थियो । मध्यपूर्वमा युद्ध फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि सुरु भएको थियो ।

हाल अप्रिल ७ मा भएको युद्धविराम कायम रहेको छ । तर, इरानको आणविक कार्यक्रमबारे वार्ता गर्न युद्धविराम थप ६० दिन लम्ब्याउने विषयमा छलफल भइरहेको छ । हर्मुज जलडमरू विश्वको सबैभन्दा महत्त्वपूर्ण तेल ढुवानी मार्गमध्ये एक हो । त्यहाँको तनावका कारण तेल, प्राकृतिक ग्यास र मलजस्ता वस्तुको आपूर्तिमा असर परेको छ, जसले विश्व अर्थतन्त्र र उपभोक्ताहरूलाई दबाबमा पारेको छ । अमेरिकाले लगाएको नाकाबन्दीको उद्देश्य इरानको व्यापार र तेल निर्यातलाई सीमित गर्दै उसको अर्थतन्त्रमा थप दबाब सिर्जना गर्नु रहेको बताइएको छ ।

# युक्रेन आणविक केन्द्रमा भएको घटनापछि अन्तर्राष्ट्रिय चिन्ता बढ्यो

भियना, ३१ मे (सिन्ह्वा) । अन्तर्राष्ट्रिय परमाणु ऊर्जा एजेन्सीका महानिर्देशक राफायल ग्रोसीले युक्रेनको जापोरिझ्झिया आणविक विद्युत् केन्द्रमा भएको भनिएको ड्रोन आक्रमणप्रति गम्भीर चिन्ता व्यक्त गर्नुभएको छ । उहाँले आणविक सुविधामाथि हुने कुनै पनि आक्रमणलाई ‘आगोसँग खेल्नुजस्तै’ भएको टिप्पणी गर्नुभएको छ ।

एजेन्सीका अनुसार केन्द्रले दिएको जानकारीअनुसार एक ड्रोनले विद्युत् केन्द्रको टर्बाइन भवनमा प्रहार गर्दा भवनको पर्खालमा क्षति पुगेको बताइएको छ । उक्त घटनाबारे एजेन्सीले सामाजिक सञ्जालमार्फत जानकारी सार्वजनिक गरेको हो ।

महानिर्देशक ग्रोसीले ‘आणविक केन्द्रभित्र वा त्यसका विरुद्ध कुनै पनि प्रकारको आक्रमण हुनु हुँदैन’ भन्दै सबै पक्षलाई संयम अपनाउन आग्रह गर्नुभएको छ । उहाँले आणविक सुरक्षा र सुरक्षालाई जोखिममा पार्ने गतिविधिबाट बच्नुपर्नेमा जोड दिनुभयो । एजेन्सीका अनुसार केन्द्रमा तैनाथ गरिएको टोलीले घटनास्थलको प्रत्यक्ष निरीक्षण गर्न टर्बाइन भवनमा पहुँच मागेको छ, ताकि क्षतिको वास्तविक अवस्था मूल्याङ्कन गर्न सकियोस् ।

एजेन्सीका अनुसार यो घटना अप्रिल २०२४ पछि जापोरिझ्झिया आणविक विद्युत् केन्द्रको सीमाभित्र भएको पहिलो ड्रोन आक्रमण हुन सक्ने बताइएको छ । युरोपकै सबैभन्दा ठुलो आणविक विद्युत् केन्द्रमध्ये एक मानिने यो केन्द्र मार्च २०२२ देखि रूसी नियन्त्रणमा रहेको छ । रुस-युक्रेन द्वन्द्व सुरु भएयता एजेन्सीले बारम्बार यस क्षेत्र वरपरको सैन्य गतिविधिबाट उत्पन्न जोखिमप्रति चेतावनी दिँदै आएको छ र आणविक पूर्वाधारको सुरक्षाको आग्रह गर्दै आएको छ ।

# समुद्री मार्ग व्यवस्थापनमा अमेरिकी हस्तक्षेप अस्वीकार्य : आईआरजीसी

लन्डन, ३१ मे (सिन्ह्वा) । इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स ( आईआरजीसी) नौसेनाले हर्मुज जलडमरूको व्यवस्थापनमा अमेरिकाले कुनै पनि प्रकारको हस्तक्षेप गरेमा ‘कडा सैन्य प्रतिक्रिया’ दिने चेतावनी दिएको छ ।

आईआरजीसी नौसेनाले सार्वजनिक समुद्री रेडियो च्यानलमार्फत जारी गरेको सन्देशमा फारसको खाडी र ओमानको खाडीमा सञ्चालन भइरहेका जहाजहरूलाई सम्बोधन गर्दै हर्मुज जलडमरू हाल बन्द रहेको र त्यहाँबाट आवतजावत केवल इरानी अधिकारीहरूको अनुमति र तोकिएको मार्गमार्फत मात्र सम्भव हुने जनाएको छ ।


उक्त चेतावनीमा नियम उल्लङ्घन भएमा समुद्री सुरक्षा गम्भीर रूपमा प्रभावित हुने उल्लेख गरिएको छ । साथै, अमेरिकाको नौसेनाले जलडमरूमध्यको व्यवस्थापनमा हस्तक्षेप गर्ने वा समुद्री आवागमन अवरुद्ध गर्ने कुनै पनि प्रयास गरेमा कडा सैन्य कारबाही हुने स्पष्ट चेतावनी दिइएको छ ।

यसैबिच, समुद्री स्रोतसम्बन्धी एक अन्तर्राष्ट्रिय निकायमार्फत जारी सूचनामा हर्मुज क्षेत्रको स्थिति संवेदनशील रहेको र इरानी बन्दरगाहमा प्रवेश वा बहिर्गमन गर्न निषेध गरिएको जनाइएको छ ।

त्यस्तै, सोही क्षेत्र नजिक रहेका जहाजहरूका चालक दलले सार्वजनिक समुद्री रेडियो च्यानलमार्फत अमेरिकी सैन्य विमानले एक जहाजलाई तत्काल मार्ग परिवर्तन गर्न चेतावनी दिएको र त्यसको गतिविधि निगरानीमा राखिएको जानकारी दिएका छन् ।

यस घटनाले हर्मुज जलडमरूमा तनाव थप बढेको देखिएको छ, जुन विश्वकै सबैभन्दा महत्त्वपूर्ण ऊर्जा आपूर्ति मार्गमध्ये एक मानिन्छ ।

# गाजाको लागि इजरायलको दीर्घकालीन योजना के हो ?



● साइमन स्पिकम्यान कोर्दल

***(स्पष्ट युद्धविरामको बाबजुद, इजरायलका नेताहरूले कब्जा र जातीय सफायाको सङ्केत दिइरहेका छन् ।)***

दुई वर्षको निरन्तर बमबारी र स्थल आक्रमणपछि, अक्टोबर ९, २०२५ मा संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको २०-बुँदे शान्ति योजनामा हस्ताक्षर भएपछि गाजामा इजरायलको भविष्य टुङ्गिएको देखिन्थ्यो ।

त्यो सम्झौताका सर्तहरूअन्तर्गत, योजनाकारहरूका अनुसार, इजरायली सेना 'पहेँलो रेखा' बाट पछि हट्नुपर्ने थियो, ५८ प्रतिशत भूभागको नियन्त्रण कायम राख्दै इजरायली सेनाको पूर्ण फिर्ताको मिति निर्धारण गरिने थियो ।

त्यो फिर्ता भएको छैन । वास्तवमा, त्यसपछिका महिनाहरूमा, 'युद्धविराम' को समयमा गाजापट्टिमा लगभग दैनिक आक्रमणहरूमा कम्तिमा ९२२ जनाको मृत्यु हुनुका साथै, इजरायलले आफ्नो क्षेत्र लगभग ११ प्रतिशतले विस्तार गरेको छ ।

मार्चमा सङ्कलन गरिएको उपग्रह तथ्याङ्कअनुसार, इजरायलले अस्थायी रेखा हुनुपर्ने ठाउँमा कम्तिमा ३२ सैन्य चौकीहरू, एउटा स्थल अवरोध र पूर्वाधार पनि स्थापना गरेको छ ।

गत वर्ष अक्टोबरदेखि, अक्सफामलगायत धेरै मानवीय एजेन्सीहरूले इजरायललाई सहायता र अन्य आवश्यक सामानहरूको आपूर्तिमा प्रतिबन्ध लगाएर गाजामा मानवीय सङ्कटलाई अझ जटिल बनाएको आरोप लगाएका छन् ।

त्यसपछि, बिहीबार, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले एक सम्मेलनमा बोल्दै इजरायलले गाजामा अझै धेरै भूभाग कब्जा गर्ने घोषणा गरे, "हामी हाल हमासलाई कुनामा खुम्च्याउँच्दै छौँ; तपाईंलाई थाहा छ - हामीले अब गाजापट्टिको ६० प्रतिशत भूभाग नियन्त्रण गर्छौं । हामी ५० प्रतिशतमा थियौँ । मेरो निर्देशन छ ...," भीडबाट कसैले "१०० प्रतिशत !" भनेर चिच्याएपछि केही बेर रोकेर उनले भने ।

"चरणबद्ध रूपमा अगाडि बढौँ," उनले जवाफ दिए, "पहिले, ७० प्रतिशत, त्यतिबाट सुरु गरौँ । हामी उनीलाई चारैतिरबाट दबाब दिइरहेका छौँ, हामी बाँकीसँग सामना गर्ने छौँ ।"

यसको स्पष्टीकरणको लागि अल जजिराले इजरायली प्रधानमन्त्रीको कार्यालयलाई सम्पर्क गर्‍यो, तर प्रकाशनको समयसम्म कुनै प्रतिक्रिया प्राप्त भएन ।

**के इजरायलले गाजामा थप भूमी कब्जा गर्न सक्छ ?**

"यदि इजरायलको अन्तिम योजना सम्पूर्ण गाजापट्टिमा स्थायी प्रभावकारी नियन्त्रण गर्ने हो भने, हामी गैरकानुनी कब्जाको बारेमा कुरा गरिरहेका छौँ," डब्लिनको ट्रिनिटी कलेजमा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनका प्राध्यापक माइकल बेकरले अल जजिरालाई भने ।

"अन्तर्राष्ट्रिय न्याय अदालतले २०२४ को सल्लाहकार रायमा पुन: पुष्टि गरेझैँ, कब्जाले बल प्रयोग गरेर क्षेत्र अधिग्रहण गर्ने आधारभूत निषेधको उल्लङ्घन गर्दछ ।"

तैपनि, अक्टोबर २०२३ मा गाजामाथि युद्ध सुरु भएदेखि अहिलेसम्म इजरायली सेनाले गाजामा कम्तिमा ७२,८१९ पुरुष, महिला र बालबालिकालाई मारेको छ, जसमा अझै हजारौँ बेपत्ता र



भग्नावशेषमुनि मृत अवस्थामा रहेको अनुमान गरिएको छ ।

२०२५ सम्ममा, इजरायलले गाजामा अनिकाल निम्त्याइसकेको थियो र अब जीवन धान्न आवश्यक पर्ने लगभग सबै पूर्वाधारहरू ध्वस्त पारिसकेको छ । विरोधका बाबजुद पनि इजरायलले कुनै पनि अर्थपूर्ण अन्तर्राष्ट्रिय प्रतिबन्धहरू सामना नगरी यो सबै गरेको छ र अझै पनि धेरै अन्तर्राष्ट्रिय खेलकुद र मनोरञ्जन प्रतियोगिताहरूमा भाग लिइरहेको छ ।

अमेरिकाले इजरायलमाथि आफ्नै सर्तहरू लागू गर्न सक्छ भन्ने आशा पनि निराधार देखिन्छ । गत वर्ष अक्टोबरमा गाजामा युद्धविरामको घोषणा गरेदेखि, अमेरिकाले जवाफ दिन असफल भएको छ किनकि इजरायलले गाजामा आफ्नो उपस्थिति विस्तार र स्थापित गरेको छ, जसले गर्दा अप्रिल २०२६ सम्ममा त्यहाँका बासिन्दाहरूको लागि लगभग दुईतिहाइ भागमा पहुँच बन्द रोकिएको छ ।

अल जजिराले सम्पर्क गरेका अमेरिकी विदेश विभागका प्रवक्ताले इजरायलको युद्धविराम उल्लङ्घनलाई सम्बोधन गर्न अस्वीकार गरे र शान्ति, नि:शस्त्रीकरण र गाजाको पुनर्निर्माणमा बाधा पुर्‍याएकोमा सबै जिम्मेवारी हमाससमाथि लगाए ।

**के गाजाको जनसङ्ख्या यति सानो क्षेत्रमा बाँच्न सक्छ ?**

यो भन्न धेरै गाह्रो छ । संयुक्त राष्ट्रसङ्घको मानवीय मामिला समन्वय कार्यालय (OCHA) लगायत धेरै एजेन्सीहरूले गाजाको बाँकी जनसङ्ख्या कसरी निरन्तर साँघुरिँदै गएको ठाउँमा बाँच्न सक्छ भन्ने बारेमा गहिरो चिन्ता व्यक्त गरेका छन् ।

इजरायलको यसको जवाफ सरल छ । "गाजाबाट स्वेच्छिक बसाइँसराइको योजना पनि उचित समयमा र उचित तरिकाले कार्यान्वयन गरिनेछ," रक्षामन्त्री इजरायल काट्जले यस हप्ता बुधबार हमास नेता मोहम्मद ओदेहको हत्याको अवसरमा एक विज्ञप्तिमा लेखे ।

'स्वेच्छिक आप्रवासन' शब्द इजरायलका धेरै सरकारका मन्त्रीहरूले प्रयोग गर्छन्, जसमा राष्ट्रिय सुरक्षामन्त्री इटामार बेन-ग्भिर र अर्थमन्त्री बेजालेल् स्मोट्रिच समावेश छन् । पर्यवेक्षकहरूले सामान्यतया स्वीकार गर्छन् कि यसको अर्थ गाजाको जातीय सफाया हो ।

इजरायलको रक्षा मन्त्रालयले अल जजिराबाट यसबारे सोधिएका प्रश्नहरूको जवाफ दिएन ।

**के यी कदममध्ये कुनै पनि कानुनी छ ?**

छैन ।

"गाजाबाट प्यालेस्टिनीहरूलाई स्थायी रूपमा हटाउने विचारमा जबरजस्ती विस्थापनको गन्ध आउँछ र यसले प्यालेस्टिनी जनताको आत्मनिर्णयको मौलिक अधिकारको पनि उल्लङ्घन गर्नेछ," बेकरले भने । उनले भने कि आत्मनिर्णयको सिद्धान्त संयुक्त राष्ट्र सङ्घको बडापत्रको 'आधारशिला' को रूपमा काम गर्दछ ।

यद्यपि, बेकरले भने, अन्तर्राष्ट्रिय ध्यानको केन्द्रबिन्दु अब गाजाको सङ्कटबाट अमेरिका र इजरायलको इरानविरुद्धको युद्ध, साथै लेबनानमा इजरायलको कारबाहीमा सरेको छ, जहाँ इजरायलले देशको दक्षिणको ठुलो भाग ओगटेको छ ।

"इरानविरुद्ध संयुक्त राज्य अमेरिकाले सुरु गरेको विनाशकारी र गैरकानुनी युद्धको समाधान खोज्ने क्रममा ट्रम्प प्रशासन इजरायलको स्वार्थबाट अलग हुन इच्छुक हुन सक्छ, तर संयुक्त राज्य अमेरिकाले गाजामा चासो गुमाएको देखिन्छ वा नेतान्याहुको सरकारको तर्फबाट संयमको लागि जोड दिएको देखिन्छ । गाजाका प्यालेस्टिनीहरूको भविष्य कायम राख्न तथाकथित शान्ति बोर्डले कस्तो भूमिका खेल्न इच्छुक छ भन्ने कुरा स्पष्ट छैन," उनले भने ।

# विश्वभर एक अर्ब ३० करोड मानिस सुर्तीजन्य पदार्थको प्रयोगमा, चार करोड बालबालिका जोखिममा

काठमाडौँ, १७ जेठ । आइतबार विश्व सुर्तीजन्य पदार्थविरुद्धको दिवस विश्वका विभिन्न देशमा चेतनामूलक कार्यक्रमका साथ मनाइँदै छ ।

हरेक वर्ष मे ३१ मा मनाइने यो दिवसको उद्देश्य सुर्तीजन्य पदार्थको प्रयोगबाट हुने स्वास्थ्य जोखिम, सुर्ती उद्योगका व्यावसायिक रणनीति, सुर्ती नियन्त्रणका लागि विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) ले गरिरहेका प्रयास तथा स्वस्थ जीवनयापन र भावी पुस्ताको संरक्षणका लागि आवश्यक कदमबारे चेतना फैलाउनु हो ।

डब्ल्युएचओ सदस्य राष्ट्रहरूले सन् १९८७ मा विश्वव्यापी रूपमा सुर्तीजन्य पदार्थको महामारी तथा यसबाट हुने रोक्न सकिने मृत्यु र रोगप्रति ध्यानाकर्षण गराउन यो दिवसको सुरुआत गरेका हुन् । सन् १९८७ मा विश्व स्वास्थ्य सभाले पारित गरेको प्रस्ताव डब्लुएचए ४०.३८ ले सन् १९८८ अप्रिल ७ लाई 'विश्व धूमपानरहित दिवस' का रूपमा मनाउने निर्णय गरेको थियो । त्यसपछि सन् १९८८ मा पारित प्रस्ताव डब्लुएचए ४२.१९ अनुसार हरेक वर्ष मे ३१ मा विश्व सुर्तीजन्य पदार्थरहित दिवस मनाउन थालिएको हो ।

डब्ल्युएचओका अनुसार हाल विश्वभर करिब ८८१ अर्ब ३० करोड मानिसले सुर्तीजन्य पदार्थ प्रयोग गर्ने गरेका छन् । तीमध्ये अधिकांश निम्न तथा मध्यम आय भएका देशमा बसोबास गर्छन् । पछिल्ला वर्षहरूमा सुर्तीजन्य पदार्थको प्रयोग घट्दै गए पनि अझै विश्वका पाँचमध्ये एक वयस्क कुनै न कुनै रूपमा सुर्तीजन्य पदार्थको प्रयोगमा संलग्न हुने गरेको छ । सुर्तीजन्य पदार्थका कारण हरेक वर्ष ८० लाखभन्दा बढी मानिसको मृत्यु हुने गरेको छ, जसमा करिब १२ लाख जनाको मृत्यु निष्क्रिय धूमपानका कारण हुने गरेको छ ।

यस वर्षको दिवसको अवसरमा डब्ल्युएचओले सरकारहरूलाई नयाँ पुस्तालाई सुर्तीजन्य तथा निकोटिनयुक्त उत्पादनको लतबाट जोगाउन विशेष आग्रह गरेको छ । सङ्गठनका अनुसार विश्वभर १३ देखि १५ वर्ष उमेर समूहका कम्तीमा ८८चार करोड बालबालिकाले सुर्तीजन्य पदार्थ प्रयोग गरिरहेका छ भने विद्युतीय चुरोट (ई-सिगरेट) र निकोटिन पाउचको प्रयोग युवा पुस्तामाझ निरन्तर बढिरहेको छ ।

डब्ल्युएचओले सुर्ती तथा निकोटिन उत्पादन गर्ने कम्पनीहरूले आफ्ना उत्पादनलाई अझ आकर्षक, प्रयोग गर्न सहज र छोड्न कठिन बनाउने गरी विकास गरिरहेका जनाएको छ । विशेषगरी स्वादयुक्त ई-सिगरेट, निकोटिन पाउच तथा अन्य निकोटिनजन्य उत्पादनमार्फत तिनले किशोर र युवालाई अम्मली बनाएका सङ्गठनको भनाइ छ ।

डब्ल्युएचओका स्वास्थ्य निर्धारक, प्रवर्द्धन तथा रोकथाम विभागका निर्देशक डा. एटिएन क्रुगले सुर्तीजन्य पदार्थका कारण हरेक वर्ष लाखौँ मानिसको मृत्यु भइरहे पनि ठुला कम्पनीहरूले आफ्नो व्यापारिक रणनीति परिवर्तन गर्दै नयाँ पुस्तालाई निकोटिनको लतमा फसाउने प्रयास गरिरहेको बताउनुभएको छ । उहाँका अनुसार स्वादयुक्त ई-सिगरेट, निकोटिन पाउच र अन्य निकोटिनजन्य उत्पादनको आक्रामक बजार विस्तारले युवापुस्तालाई लक्षित गरिरहेको छ ।

निकोटिन अत्यधिक लत लाग्ने र स्वास्थ्यका लागि हानिकारक पदार्थ भएकाले विशेषगरी मस्तिष्क विकासको चरणमा रहेका बालबालिका, किशोर तथा युवाका लागि यसको असर गम्भीर हुनसक्ने डब्लुएचओले जनाएको छ । हाल विश्वभर १० करोडभन्दा बढी मानिसले ई-सिगरेट प्रयोग गर्ने अनुमान गरिएको छ भने किशोर उमेर समूहमा यसको लोकप्रियता तीव्र गतिमा बढिरहेको छ ।

डब्ल्युएचआले हालै सार्वजनिक गरेको निकोटिन पाउचसम्बन्धी प्रतिवेदनमा सामाजिक सञ्जालका प्रभावशाली व्यक्तिमार्फत यसको व्यापक प्रचारप्रसार भइरहेको उल्लेख गरिएको छ । आकर्षक प्याकेजिङ, मिठाइजस्ता स्वाद तथा जीवनशैलीसँग जोडिएका विज्ञापन अभियानमार्फत युवालाई आकर्षित गर्ने रणनीति अपनाइएको प्रतिवेदनमा जनाइएको छ ।

प्रतिवेदनअनुसार विश्वका करिब १६० देशमा निकोटिन पाउचसम्बन्धी स्पष्ट कानुनी तथा नियमनको व्यवस्था छैन । विश्वव्यापी रूपमा यसको बिक्री तीव्र गतिमा बढिरहे पनि पर्याप्त नियमन नहुँदा लाखौँ मानिस जोखिममा छन् ।

डब्ल्युएचओले सरकारहरूलाई स्वादयुक्त निकोटिनजन्य उत्पादनमाथि प्रतिबन्ध लगाउन, विज्ञापन, प्रवर्द्धन तथा प्रायोजन रोक्न, सार्वजनिक भित्री स्थानलाई पूर्ण रूपमा धूमपान तथा भेप-मुक्त क्षेत्र घोषणा गर्न तथा कानुनी कार्यान्वयनलाई थप प्रभावकारी बनाउन आग्रह गरेको छ । सुर्ती तथा निकोटिनजन्य पदार्थको बढ्दो प्रयोग नियन्त्रण गर्न नसके भावी पुस्ताको स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने चेतावनी दिँदै डब्ल्युएचओले स्वस्थ र सुरक्षित समाज निर्माणका लागि सबै पक्षको साझा प्रयासमा जोड दिएको छ ।

**सर्टिफिकेट हराएको सूचना**

मिति २०८३/०२/०३ का दिन काठमाडौँस्थित अमरसिंह चोकबाट पेप्सीकोला जाने क्रममा मेरो सी.टी.इ.भी.टी.बाट जारी भएको डिप्लोमा इन अटोमोवाइल इन्जिनियरिङ तह उत्तीर्ण गरेको सम्पूर्ण सर्टिफिकेट हराएको हुँदा भेटाउनुहुने महानुभावले देहायको मो.नं. वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहोला ।

नाम : गंगा कार्की
रजिस्ट्रेसन नं. : DAM-00168-022
सिम्बोल नं. : 25000421
ईस्यू नं : 25-000462
सम्पर्क नं. : ९८४९८५२१३९

**HITACHI AIR CONDITIONERS**
**NOTICE FOR MRP PUBLICATION**

**COMMODITY** : AIR CONDITIONERS
**VENDOR** : BOSCH HOME COMFORT INDIA LIMITED
**IMPORTER** : DELIGHT M & E PVT LTD
**ADDRESS** : TOKHA-06, KATHMANDU NEPAL
**EXIM CODE NO** : 6077172260151NP
**CONTACT NO** : 9861319649

| S.N | AC Model | Country of origin | MRP RS. |
|---|---|---|---|
| 1 | RAS-10FSDENY5Q | China | 577,358.91 |
| 2 | RAS-20FSDENY5Q | China | 658,875.65 |
| 3 | RAS-28FSDENY5Q | China | 961,023.94 |
| 4 | RPIA-10.0HNBUSQ | China | 245,661.94 |
| 5 | RPIA-5.0HNBUSQ | China | 117,893.70 |
| 6 | RPIH-3.0HNAUN1Q | China | 73,148.10 |
| 7 | RPIZ-2.0HNATN1Q | China | 40,167.89 |
| 8 | RPIM-1.3HNAUN1Q | China | 49,981.96 |
| 9 | RPIM-2.0HNAUN1Q | China | 127,988.49 |
| 10 | RPK-1.3HNBUSQ | China | 64,951.46 |
| 11 | DUPI-131Q | China | 15,538.73 |
| 12 | DUPI-15H2Q | China | 16,065.24 |
| 13 | DUPI-361Q | China | 17,865.27 |
| 14 | DUPI-810AQ | China | 91,923.03 |
| 15 | KW-PP7Q | China | 17,865.27 |
| 16 | KW-PP8Q | China | 90,606.77 |
| 17 | KW-PP9Q | China | 19,181.53 |
| 18 | PC-P1HMQ | China | 7,210.23 |
| 19 | CCS-160R1DQ | China | 191,695.37 |
| 20 | KW-PP6Q | China | 5,945.18 |
| 21 | E-242SN | China | 9,800.75 |
| 22 | E-162SN | China | 7,787.95 |
| 23 | E-102SN | China | 4,911.84 |
| 24 | SPARE PARTS - COMPRESSOR - DRAWING NO.H7B12073A/ PART NO. Q1207388 | China | 385,448.52 |

# फुटसल प्रतियोगिता समापन तथा पुरस्कार वितरण सम्पन्न



भक्तपुर, जेठ १७। भक्तपुर युवा टीमको आयोजनामा जेठ ६ गतेदेखि १६ गतेसम्म सहिद स्मृति खेलमैदानमा सञ्चालित भक्तपुर नगर अन्तर वडाव्यापी फुटसल प्रतियोगिताको नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा शनिबार पुरस्कार वितरणसहित समापन भयो ।

कार्यक्रममा सचिव सुवालले देशको सार्वभौमिकता बचाउन र पर्यटनको विकासमा खेलकुदले सहयोग गर्ने बताउनुभयो ।

अनुशासन र मित्रताले खेलाडी र दर्शकहरू दुवै उत्साहित हुने बताउँदै उहाँले उरुग्वेबाट सुरु भएको फुटसलमा ब्राजिलियन फुटसल खेलाडी फाल्काओको चर्चा गर्नुभयो ।

भक्तपुर युवा टीमका अध्यक्ष तथा कार्यक्रमका सभापति केशव त्वायनाबासुले मित्रता र अनुशासित स्वस्थ नागरिकसहित राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरको खेलाडी तथा रेफ्री तयारका लागि विभिन्न खेलकुद गतिविधि गरिरहेको बताउनुभयो ।

फाइनल खेलमा वडा नं ८ ले वडा नं ७ को २ का विरुद्ध ३ गोलले जित हासिल गरेको उक्त फुटसल प्रतियोगितामा प्रमुख सुवालले विजेता, उपविजेता, उत्कृष्ट गोलकिपर वडा नं ८ का सुसन दुवाल तथा उत्कृष्ट खेलाडी वडा नं ७ का यडुवन नापितलाई क्रमशः नगद रु. २५ हजार, नगद रु. १२ हजार ५००, रु. २ हजार ५०० नगदको चेक, ट्रफी, मेडल तथा प्रमाणपत्रद्वारा सम्मानित गर्नुभएको थियो ।

वडा नं ८ का मनिष बासी फाइनल खेलमा थप २ गोल गरी प्रतियोगिताभर ११ गोल गरेर सर्वाधिक गोलकर्ता भई अन्तिम खेलको म्यान अफ द म्याच हुन सफल हुनुभएको थियो ।

प्रतियोगिताभर व्यक्तिगत ४ गोल गर्ने खेलाडीहरू क्रमशः वडा नं ५ का दिजन ख्वालापाला, वडा नं ७ का वियोन कर्माचार्य तथा वडा नं ३ का सविन किलम्बु, प्रतियोगिताभर ५ गोल गर्ने खेलाडीहरू क्रमशः वडा नं ७ का दिपेश खाइजू, वडा नं ८ का सन्जिवन गोसाई, वडा नं २ का साजन सुवाल तथा वडा नं १० का रोहन प्रजापति, प्रतियोगिताभर व्यक्तिगत ६ गोल गर्ने खेलाडीहरू क्रमशः वडा नं ८ का विवेक बोहजू, वडा नं ५ का विवेक कवां तथा वडा नं ८ का सन्जीव गोसाई तथा प्रतियोगिताभर व्यक्तिगत ९ गोल गर्ने खेलाडी वडा नं ९ का आजाद प्रजापति रहनुभएको छ ।

# विद्यार्थीले आफ्नो क्षमता, सिर्जनशीलता, नेतृत्व पहिचान गरेर उच्च शिक्षा अध्ययन गर्नुपर्ने



ललितपुर, १७ जेठ। प्रगति सामुदायिक सिकाइ केन्द्रको नवौँ साधारणसभा तथा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ ९ वडा समितिको आयोजनामा सोही वडाबाट एसईई उत्तीर्ण विद्यार्थीहरूलाई बधाई ज्ञापन कार्यक्रम शनिबार ललितपुरस्थित बज्रबाराहीमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले विद्यार्थीले आफ्नो क्षमता, सिर्जनशीलता, नेतृत्व पहिचान गरेर उच्च शिक्षा अध्ययन गर्नुपर्ने बताउँदै विगतभन्दा आगतको बारेमा विचार गर्नुपर्ने स्पष्ट पार्नुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले नयाँ पुस्ता प्रविधिमा स्मार्ट भएको सकारात्मक भए पनि त्यसले हामीलाई बौद्धिक अपाङ्गता बनाउन सक्नेतर्फ सचेत हुनुपर्ने बताउनुभयो । पुस्तक अध्ययनले मात्र पूर्ण तथा गहिरो ज्ञान दिनसक्ने बताउँदै उहाँले अभिभावकका कुरा मनमा लिनुपर्ने बताउनुभयो ।

नेमकिपा ९ वडा समितिका अध्यक्ष कृष्णभक्त लवजूले विद्यार्थीहरू राजनैतिक रूपमा सचेत हुनुपर्ने बताउनुभयो ।

प्रगति सीएलसीका अध्यक्ष रवीन्द्र कुसीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेक्राविसङ्घका अध्यक्ष राज प्रजापति, सीएलसीका सम्राट प्रजापति र विद्यार्थी जेनुसा कोजूले पनि बोल्नुभएको थियो ।

*"पार्टी....*

मतदान धाँधली भएको सार्वजनिक भइरहेको छ ।"

भदौ २३ गतेको निहत्था जनताको हत्या र भदौ २४ गतेको देशभरिफैँ आगजनी गर्नेहरूलाई फागुन २१ गतेको चुनावमा उठ्न नपाउने व्यवस्था गर्नुपर्ने थियो, त्यसो नहुनु गलत भएको उहाँले बताउनुभयो ।

कार्यक्रमका सभापति, भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले कम शुल्क र गुणस्तरीय शिक्षा दिन ख्वप कलेजहरू प्रतिबद्ध रहेको बताउनुभयो ।

देश र समाजलाई अगाडि बढाउन योगदान गर्ने उद्देश्यसहित कलेजले नियमितरूपमा राष्ट्रिय सम्मेलन गर्दै आएको उल्लेख गर्नुभयो ।

सम्मेलनको निष्कर्षलाई समाज र कलेजको हितमा उपयोग गर्नुपर्नेमा उहाँले जोड दिँदै भन्नुभयो, "कानुन निर्माण गर्दा व्यवहारिक पक्षलाई ध्यान दिनु जरूरी छ; कानुन बन्दैमा सबै ठीकठाक हुन्छ भन्ने होइन ।"

देशको माटो, हावापानी सुहाउँदो शिक्षाबिना देश विकास नहुने स्पष्ट पार्दै उहाँले भन्नुभयो, "कृषिप्रधान देश भने पनि देशको कृषि क्षेत्र समस्याग्रस्त छ, देशमा परनिर्भरता बढ्दो छ ।"

माटो र ढुङ्गा प्रयोग गरेर परम्परागत शैली तथा परम्परागत प्रविधिमा संरचना बनाउने मापदण्डसमेत सरकारसँग नभएको उहाँले बताउनुभयो ।

समान शिक्षा, रोजगारी, सम्पत्तिको सीमाङ्कन, महिला हिंसालगायत जघन्य अपराधीहरूलाई मृत्युदण्ड, उत्पादनका साधनहरूको सामाजिकीकरणले मात्र समाज परिवर्तन सम्भव हुन्छ, प्रमुख प्रजापतिले बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले लैङ्गिक समानता र सामाजिक न्याय हुनु जरूरी छ भन्नुभयो ।

समालोचनात्मक ढङ्गले अध्ययन र अनुसन्धानलाई जोड दिनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले समाजको विकास र न्यायको निम्ति सम्मेलन अर्थपूर्ण रहने अपेक्षा गर्नुभयो ।

नेपाल तथा एसियाली अध्ययन केन्द्रका कार्यकारी निर्देशक डा. मृगेन्द्रबहादुर कार्कीले भक्तपुर सांस्कृतिक नगरमात्र नभई सभ्यताको नगर पनि भएको र भक्तपुरले सभ्यता र संस्कृतिलाई जीवन्तता दिइरहेको छ भन्नुभयो ।

समाजमा परिवर्तन अवश्यम्भावी छ भन्दै उहाँले चेतनाले नै समाज परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले स्वागत गर्नुभएको उक्त कार्यक्रममा ख्वप मा.वि.का प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्यले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

- ❖ जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने कार्य नगरौं,
- ❖ राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच आउने कार्य नगरौं,
- ❖ कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने कार्य नगरौं,
- ❖ जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने कार्य नगरौं,
- ❖ शान्ति सुरक्षामा खलल पुग्ने कार्य नगरौं,
- ❖ प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने कार्य नगरौं,
- ❖ जनमानसमा भ्रम सिर्जना गर्ने कार्य नगरौं,

पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्दा सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नेमकिपा बाँकेद्वारा स्वर्गीय लालबहादुर बुढाको नवौँ स्मृति दिवस र पुस्तकबारे अन्तरक्रिया



**- प्रकाश ओझेल**

नेपालगञ्ज, १७ जेठ । नेपाल मजदुर किसान पार्टी बाँके जिल्ला समितिको आयोजनामा शुक्रबार बाँकेको बैजनाथ गाउँपालिकास्थित डिगियामा एक विशेष वैचारिक कार्यक्रम सम्पन्न भयो । नेमकिपाका पुराना एवं निष्ठावान् किसान नेता लालबहादुर बुढाको नवौँ स्मृति दिवसको अवसर पारेर 'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू' पुस्तकको अन्तरक्रिया तथा विचार गोष्ठी सम्पन्न भएको हो ।

नेमकिपा बाँकेका जिल्ला अध्यक्ष शेरबहादुर कामीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन जिल्ला सचिव धनबहादुर सिजापतिले गर्नुभएको थियो । मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरिएको उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य बखत थापाले स्वर्गीय लालबहादुर बुढाको त्यागी, निष्ठावान् र सादा जीवनशैलीबाट नयाँ पुस्ताका कार्यकर्ताहरूले सिक्नुपर्नेमा जोड दिनुभयो । संसारका मजदुर आन्दोलनहरूको उत्थान, पतन र विकासक्रमबारे चर्चा गर्दै अतिथि थापाले पार्टीले लालबहादुर दाइजस्ता पुराना र इमानदार कार्यकर्ताहरूको योगदानको सधैँ उच्च कदर गर्ने विचार व्यक्त गर्नुभयो ।

लुम्बिनी प्रदेश समिति सदस्य नवीन शाहीले किसान नेता लालबहादुर बुढाको योगदानको चर्चा गर्दै बेलायतको ऐतिहासिक लुडाइट आन्दोलन, मागपत्रको आन्दोलन (शिकागो विद्रोह) र अन्य मजदुर सङ्घर्षहरूका विविध आयामबारे आफ्नो भनाइ राख्नुभएको थियो ।

लुम्बिनी प्रदेश समिति सदस्य नारायणी चौधरीले विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू, तिनको ऐतिहासिक पृष्ठभूमि र ती आन्दोलनहरू असफल हुनुका आन्तरिक तथा बाह्य कारणहरूबारे स्पष्ट पार्नुभयो ।

जिल्ला समिति सदस्य प्रकाश शाहीले स्वर्गीय नेताले लिएको वैचारिक बाटो र सिकाएको आदर्शलाई आत्मसात् गर्नु नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुने बताउनुभयो । उहाँले मजदुर वर्गको उत्पत्ति, विकासक्रम तथा विश्वका मजदुर आन्दोलनहरूको उदय, सफलता, असफलता र कमजोरीहरूलाई गम्भीरतापूर्वक केलाउनुभयो ।

पार्टी बाँकेका सल्लाहकार अञ्जीरबहादुर शाहीले स्वर्गीय बुढाको राजनीतिक तथा पारिवारिक जीवनी, पार्टीमा आबद्ध हुँदाको गौरवपूर्ण इतिहास र उहाँको सादगीपूर्ण जीवनशैलीमाथि प्रकाश पार्नुभयो ।

नेमकिपा बैजनाथ गाउँ समिति अध्यक्ष तुलसीप्रसाद आचार्यले अग्रजहरू जीवित छँदा समाज र वर्गीय राजनीतिका लागि गरेको योगदानको नयाँ पुस्तालाई जानकारी गराएमा मात्र सन्ततिले त्यसको कदर गर्ने बताउनुभयो ।

स्वर्गीय लालबहादुर बुढाका छोरा नरेन्द्र बुढाले आफ्नो बाबुको लालनपालन, सङ्घर्षपूर्ण जीवन र समाजमा उहाँले पुऱ्याउनुभएको अतुलनीय योगदानको चर्चा गर्नुभएको थियो ।

सभाको समापन गर्दै सभापति एवं जिल्ला अध्यक्ष शेरबहादुर कामीले स्वर्गीय लालबहादुर दाइप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्नुभयो । उहाँले विश्व मजदुर आन्दोलनको चेतनालाई गाउँ-गाउँसम्म पुऱ्याउनुपर्ने आवश्यकता औँल्याउँदै सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

हार्दिक समवेदना



जन्म
२००७/०८/२५

स्वर्गारोहण
२०८३/०२/०८

यस संस्थाका सदस्यता नं. ८०३ का सदस्य
**सावित्री घेमोसू**को असामयिक निधन भएकोमा
भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा
हार्दिक समवेदना प्रकट गर्दछौं ।
**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
ख:लाँ, भक्तपुर-४

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा